मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : ११५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन २९ गते शनिवार (Saturday, March 13. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## ओलीद्वारा प्रचण्डसँग साँठगाँठ गर्ने नेतालाई कार्वाही



**झापा, फागुन २८।** आफ्नै सरकार विरुद्ध मोर्चाबन्दी गरेको भन्दै नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल सँग रुष्ट बनेका पार्टी अध्यक्ष केपी शर्मा ओलीले एक पक्षीय निर्णय गर्दै कारवाही गरेका छन् ।

उनले नेपालसहितका नेताहरुको पदीय जिम्मेवारी खोसेका छन् । शुक्रवार प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष ओलीले नेपाल समूहका नेताहरुलाई जिम्मेवारीबाट हटाउँदै आगामी मंसीर २ गते पार्टीको महाधिवेशन गर्ने निर्णयसमेत गरेका छन् ।

तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्र बीच एकता भएपछि बनेको नेकपा सर्वोच्च अदालतले खारेज गरेसँगै एमालेमा नै फर्किने निर्णय गरेका नेपाल समूहका नेता तथा कार्यकर्ता यो कारवाही पछि अन्यौलमा परेका छन् ।

माधव-झलनाथ पक्षलाई खबर नै नगरी शुक्रवार दुई पटक बसेको ओली पक्षीय बैठकले पार्टीमा माधव नेपालसहित उनीपक्षीय नेताहरुको साबिक जिम्मेवारी खोसेको हो ।

२३ फागुनको सर्वोच्च अदालतको फैसलापछि ब्युँतिएको एमालेको केन्द्रीय कमिटी बैठक चैत्र १ मा बोलाइए पनि त्यसअघि नै आफूपक्षीय केही नेताको बैठक गरेर ओलीले नेपाल पक्षका नेतालाई पदाधिकारी र अरु जिम्मेवारीबाट बिमुख गरेका हुन् । ओलीले पार्टीमा अध्यक्ष र महासचिव मात्र रहने गरी अरु सबै पदाधिकारी हटाउँदै आगामी मंसीर २ गतेदेखि महाधिवेशन गर्ने मितिसमेत ताकेका छन् ।

ओलीलाई टक्कर दिइरहेका नेता माधव नेपाललाई विदेश विभाग प्रमुखबाट हटाएर उक्त जिम्मेवारीमा डा. राजन भट्टराईलाई तोकिएको छ । कार्वाहीको सिलसिला यत्तिमै रोकिएको छैन ।

शुक्रबार गरिएको निर्णयअनुसार, प्रदेश १ को इञ्चार्जमा भीम आचार्यलाई हटाएर सुवासचन्द्र नेम्वाङ, बाग्मती प्रदेशको इञ्चार्जमा अष्टलक्ष्मी शाक्यलाई हटाएर रामबहादुर थापा, कर्णाली प्रदेशको इञ्चार्जमा युवराज ज्ञवालीलाई हटाएर मणि थापा र सुदूरपश्चिम प्रदेशको इञ्चार्जमा भीम रावललाई हटाएर लेखराज भट्टलाई जिम्मेवारी दिइएको एक नेताले जानकारी दिए ।

आफूनिकट नेता इञ्चार्ज रहेका प्रदेशहरुमा भने जिम्मेवारी यथावत राखिएको छ । जसअनुसार प्रदेश २ मा सत्यनारायण मण्डल, गण्डकीमा पृथ्वीसुब्बा गुरुङ र लुम्बिनीमा शंकर पोखरेल कायमै छन् ।

असार २०७१ मा सम्पन्न नवौं महाधिवेशनबाट ओली एमालेको अध्यक्षमा निर्वाचित हुँदा उपाध्यक्षमा विद्या भण्डारी, बामदेव गौतम, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र भीम रावल, महासचिवमा ईश्वर पोखरेल, उपमहा-सचिवमा विष्णु पौडेल र घनश्याम भुसाल तथा सचिवमा पृथ्वीसुब्बा गुरुङ, प्रदीप ज्ञवाली, भीम आचार्य, योगेश भट्टराई र गोकर्ण विष्ट चुनिएका थिए ।

३ जेठ २०७५ मा एमाले र माओवादी केन्द्रबीच एकता भएर बनेको नेकपामा भने ओली र पुष्पकमल दाहाल अध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

# अनुसन्धानमा अब्बल कुकुर

**▌ जघन्य अपराधका घटनाका अभियुक्त फन्दामा ▌ लागूऔषध नियन्त्रणदेखि भिआईपीको सुरक्षामा सहयोग**

**नरेन्द्र ढकाल**

**झापा, फागुन २८ ।** जघन्य प्रकारका अनुसन्धान, दैवी प्रकोप उद्धार, लागूऔषध जस्ता अनुसन्धानलाई छिटो निष्कर्षमा पुऱ्याउन प्रहरीले कुकुरको सहायता लिने गरेको छ । उक्त पाटोलाई प्रहरीले डग स्न्यापिङ भन्ने गरेको छ ।

कुनै पनि अनुसन्धान कहाँबाट शुरु गर्ने भन्ने अन्योल भएमा डग स्न्यापिङ कै कारण अनुसन्धानको गाँठो फुस्किएका धेरै उदाहरणहरु प्रहरीसँग छ । अपराध अनुसन्धानमा कुकुरको प्रयोगले अनुसन्धानलाई प्रमाणमुखी बनाउनमा उल्लेख्य योगदान दिइरहेको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी नायब महानिरीक्षक ईश्वरबाबु कार्कीले बताए । प्रदेश १ मा रहेका अनुसन्धानमा पोख्त ६ वटा तालिमप्राप्त कुकुरहरूले धेरै अपराधीलाई कानूनी कठघरामा उभ्याउन सफल भएका छन् । १ नम्बर प्रदेश प्रहरी केनाइन शाखा धरानमा रहेका अनुसन्धानमा पोख्त कुकुरहरूमा लैला, पिक, पारु, पिङ्कु, मेगी र मिकी रहेका छन् । यी ६ वटा कुकुर अपराध अनुसन्धानमा निपूर्ण रहेका छन् ।

२०४७ सालदेखि धरानमा दुईवटा कुकुरबाट स्थापना भएको डग शाखामा अहिले नौवटा कुकुरहरू छन् । विभिन्न विधाका तालिमप्राप्त ६ वटा कुकुर अहिले धरानको डग शाखामा छन् भने ३ वटा विराटनगर विमानस्थलमा तैनाथ छन् । लैला, पिकु, पारु, पिङ्की, मेगी, मिकी धरानमा र रक, ज्याक र स्विटी विराटनर विमानस्थलमा रहेका छन् । प्रदेश १ मा कार्यरत् आठवटा कुकुरमध्ये पिङ्कुबाहेक सबै पोथी कुकुरहरू हुन् । प्रहरीले अपराध अनुसन्धानलाई तथ्यपरक र प्रमाणमुखी बनाउन कुकुरको सहायता लिँदै आएको छ । कुकुरले धेरैलाई अपराध कर्म गर्नबाट हतोत्साहित समेत गरेको प्रहरीको भनाइ छ ।

विसं २०७७ साल पुस ३ गते झापाको मेचीनगर नगरपालिका-९ का पर्शुराम गौतमको हत्या भयो । हत्यामा संलग्न अपराधी भाग्न नसकून् र अनुसन्धान प्रभावकारी होस् भन्ने



उद्देश्यले प्रहरीले कुकुरको सहायता लियो । त्यस्तै २०७७ साल फागुन १ गते उदयपरको त्रियुगा नगरपालिका-११ का वीरेन्द्र राईको हत्या, २०७७ साल असोज २९ गते इलामको माई नगरपालिका-१ का पुष्पलाल राईको हत्या, २०७७ साल भदौ १७ गते झापाको शिवसताक्षी नगरपालिका-११ का गोमनसिंह मगरको हत्या र २०७७ साल असोज ६ गते सुनसरीको बराहक्षेत्र नगरपालिका-१ की १२ बर्षीया मीना राईको हत्यामा संग्लग्नहरुलाई यिनै कुकुरहरुको सहायताले पक्राउ गरिएको डीआईजी कार्कीले बताए । कुकुरको सहायताबाट अपराधी पक्राउ पर्ने क्रममा प्रहरीले सफलता प्राप्त गर्ने भएपछि आपराधिक मानसिकता भएका मानिसहरु निरुत्साहित भएको प्रहरीको विश्लेषण छ ।

**यी हुन् अपराध अनुसन्धानमा पोख्त कुकुर**

**पिक र लैला :** जर्मन सेफर्ड जातका ट्याकर विधाका २ बर्षीया पिकु र ७ बर्षीया लैला । यी दुईवटा कुकुरहरुले अभियुक्तले छाडेको प्रमाण र सुराकको आधारमा भागेको स्थान ट्र्याक गरी अभियुक्त पहिचान गर्ने गर्छन् । पिकु बिगत एक बर्षदेखि फिल्डमा खटिँदै आएकी छ । लामो तालिम सम्पन्न गरेर फिल्डमा खटिएकी पिकुले विभिन्न घटनामा प्रहरी अनुसन्धानलाई ठूलै मद्दत गरिसकेकी छ भने लैला विगत ५ वर्षदेखि ट्र्याकर विधामा कार्यरत् छ । प्रदेश प्रहरीको अपराध अनुसन्धान टोली र जिल्ला प्रहरी कार्यालयहरुले लैलाको मद्दतबाट घटनाको सफल अनुसन्धान गरेको प्रहरीले जनाएको छ ।

केही महिनाअघि झापा, इलाम, भोजपुरलगायत जिल्लामा भएका कर्तव्य ज्यानसम्बन्धी मुद्दामा लैला र पिकुको सहयोगले घटनाको सफल अनुसन्धान र अभियुक्त पहिचान भएको प्रहरीले जनाएको छ । प्रदेशमा अहिले ट्र्याकर विधामा यी दुई कुकुर छन् । पिकुभन्दा लैला ड्युटीको हिसाबले सिनियर कुकुर भएको जनाइएको छ ।

**पिङ्कु :** उमेर- ५ वर्ष । गोल्डेन रिट्रिभर जातको यो कुकुरले लागूऔषधको क्षेत्रमा काम गर्दै आएको छ । पिङ्कुले लुकाइछिपाइ राखेको गाँजा-चरेस सहित हेरोइन, कोरेक्स, लगायतका लागूऔषध बरामद गर्न सक्छ । सार्वजनिक बस, सीमा-नाका तथा विमानस्थलबाट लागूऔषध ओसारपसार भएको अवस्थामा पिङ्कुले सुँघेरै बरामद गराउने गरेको छ । विशेषतः चाडपर्व तथा निर्वाचनको समयमा पिङ्कुको सक्रियता बढाउने गरिएको छ ।

**मिकी :** ७ महिना मात्रै भएको मिकी बिपद् व्यबस्थापन, खोजी तथा उद्धारमा सक्रिय हुने गरेको छ । यो जर्मन सेफर्ड जातको कुकुर हो । मिकी सर्च एन्ड रेस्क्यू विधामा कार्यरत कुकुर हो । अहिले तालिमकै सिलसिलामा रहेको मिकीले बाढी-पहिरो तथा भूकम्पले भत्काएको संरचनामा फसेका व्यक्तिहरूको सर्च एन्ड रेस्क्यू गर्ने गरेको प्रहरीले जनाएको छ ।

**पारु, म्यागी, रक र ज्याक :** १५ महिनाको पारु र ७ महिनाको म्यागी जर्मन सेफर्ड जातका कुकुर हुन् । उनीहरु बिष्फोटक पदार्थ खोजीमा अब्बल रहेका छन् । त्यस्तै बेल्जियम सेफर्ड जातकै रक र गोल्डेन रिट्रिभर जातको ज्याकलाई पनि सोही बिधामा खटाउने गरिएको प्रहरीले जनाएको छ । यी चारवटा कुकुरहरुले बिस्फोटक पदार्थसम्बन्धी विधामा आफ्नो कुशलता देखाउने गरेका छन् । बिस्फोटक पदार्थ राखेको वा लुकाएको ठाउँ सजिलै पहिचान गर्न सक्ने र विशेषतः भिआइपी सुरक्षामा यी कुकुरहरू परिचालित हुने गरेका छन् । पारु र म्यागी धरान तथा रक, ज्याक विराटनगर विमानस्थलमा खटाइएका छन् । लागूऔषध विधामा पिङ्कुमात्र होइन विराटनगर विमानस्थलमा कार्यरत स्विटीलाई समेत खटाइने गरिएको प्रहरीले जनाएको छ । यी दुईवटा कुकुरले गाँजा-चरेस सहित हेरोइन, कोरेक्स, लगायतका लागूऔषध बरामद गर्ने कार्यमा खटाइँदै आइएको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

हत्या तथा बेपत्ता पारिएका दर्जनौं घटनामा प्रहरीले कुकुरकै सहयोग लिने गरेको प्रहरीले जनाएको छ । नेपालमा अपराध अनुसन्धानमा कुकुर खटाउन लागिएको ५१ वर्ष पूरा भइसकेको छ । यो समयमा कुकुरले थुप्रै अपराधी पत्ता लगाउन सहयोग पुऱ्याएको छ भने सम्भावित घटनाका बारेमा सचेत पनि गराएको छ । अपराधीको पहिचान गर्न होस् या सम्भावित दुर्घटनाबाट बच्न प्रहरीका लागि कुकुर भरपर्दो अनुसन्धान 'अस्त्र' बनेको डीआईजी कार्कीको

(बाँकी अन्तिम पृष्ठमा)

## एमाले र माओवादी केन्द्र ब्युँतिएपछि कुन नेताको स्थिति कस्तो ?



ओली



नेपाल



दाहाल



देउवा

**झापा, फागुन २८।** सर्वोच्च अदालतको आदेशले नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई ब्युँताइदिए पछि नेपालको राजनीति अप्रत्याशित मोडमा प्रवेश गरेको छ ।

माओवादी केन्द्रले प्रधानमन्त्री ओलीलाई दिएको समर्थन फिर्ता लिएको अवस्थामा नयाँ सत्ता गठबन्धन निर्माणको साँचो तराई केन्द्रित दलको हातमा पुग्नेछ । ओलीले सत्तामा रहिरहन जनता समाजवादी पार्टी नेपाल जसपाको मात्र समर्थन प्राप्त गरे पुग्नेछ भने ओली इतरको गठबन्धन निर्माणका लागि नेपाली कांग्रेस, माओवादी केन्द्र र जसपा एक ठाउँमा उभिनुपर्नेछ ।

राजनीतिक विश्लेषकहरूले पछिल्लो घटनाक्रमले नेपालका वामपन्थी शक्तिलाई तत्कालीन र दीर्घकालीन हिसाबले क्षति पुग्ने आँकलन गरिरहेका छन् । पछिल्लो राजनीतिक परिस्थितिमा को नेता कस्तो स्थितिमा छन् त ?

**– प्रधानमन्त्री केपी शर्मा ओली:**

प्रधानमन्त्री केपी शर्मा ओली एमाले ब्युँतिएपछि १२१ जना सांसद रहेको एमालेको संसदीय दलको नेता बनेका छन् । तत्कालीन नेकपा विभाजन उन्मुख रहँदा कमजोर देखिएका ओलीको अवस्था अहिले भने एमालेको संसदीय दल र केन्द्रीय समिति दुवैमा बलियो देखिन्छ ।

राजनीतिक विश्लेषक झलक सुवेदी भन्छन-यसो हेर्दा एमालेभित्र माधवकुमार नेपाल पक्ष तल परेर गएको जस्तो देखिए पनि देशभरी दलभित्र दुवै पक्षको शक्ति बराबरी जस्तै छ । तैपनि आज ओलीकै हात माथि छ ।

राष्ट्रिय राजनीति अहिले पनि ओलीकै वरिपरि छ । २०७२ सालमा प्रधानमन्त्री बनेयता ओलीले एजेन्डा निर्माण गरिरहेका छन् । उनी थप्छन्- माओवादीले समर्थन फिर्ता लिएर डेढ वर्ष जति काँग्रेससँग मिलेर सरकार बनाउँदा उनको एजेन्डाले काम गरेन । तर सर्वोच्चको फैसलाले उनलाई अनुकूलतामा पारिदिएको छ ।

तर विश्लेषक श्याम श्रेष्ठ प्रधानमन्त्री ओलीका कारण शक्तिशाली कम्युनिस्ट पार्टी छिन्नभिन्न भएको र ओलीले राजनेता बन्ने अवसर गुमाएको ठान्छन् ।

उनले भने-झन्डै झन्डै दुई तिहाइको प्रधानमन्त्री खसेर अल्पमतको प्रधानमन्त्री बन्ने वा सरकारको नेतृत्व गुमाउने अवस्थामा पुग्नु साधारण घटना होइन । उनले आफ्नो अघि आएको ठूलो अवसर सही नेतृत्व प्रदान गर्न नसकेर गुमाए ।

आफ्नो हातमा रहेको एसियाकै चौथो ठूलो कम्युनिस्ट पार्टीलाई भताभुङ्ग पार्ने नेताका रूपमा ओलीको नाम दर्ज भएको छ -उनले भने ।

राजनीतिशास्त्री प्राध्यापक लोकराज बराल प्रधानमन्त्रीको राजनीति अर्को दलमा निहित भएकाले उनको अवस्था कमजोर भएको ठान्छन् ।

उनले भने-आफ्नो बहुमत गुमाएर मलाई जोगाइदेऊ भनेर अरूसँग समर्थन माग्नुपर्ने अवस्थामा पुगेपछि त्यसै कमजोर भइहाल्यो । तराई केन्द्रित पार्टीहरूले उठाइरहेको माग पनि अब उहाँले हेरिदिनुपर्छ, आफैँले पहिले तिरस्कार गरेका कतिपय मुद्दामा सम्झौता गर्नुपर्ने हुन्छ ।

नयाँ सत्ता गठबन्धन बनाउन जनता

(बाँकी अन्तिम पृष्ठमा)

## दुर्घटनामा एक जनाको मृत्यु

**दमक, फागुन २८।** झापाको दमक स्थित पूर्वपश्चिम महेन्द्र राजमार्गमा विहीवार राति मोटरसाइकलले स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार एक जनाको मृत्यु भएको छ ।

सो दुर्घटनामा स्कुटरमा सवार दमक -८ का ५० बर्षीय ईन्द्र भुजेलको मृत्युभएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ । मृतक भुजेल दमक -८ मा रहेको इन्द्र साउण्ड एण्ड टेन्ट हाउसका सञ्चालक हुन् ।

इप्रका दमकका प्रहरी नायव उपरीक्षक नवराज कार्कीका अनुसार दमक -५ स्थित सडकखण्डमा पूर्वबाट पशिचमतर्फ जाँदै गरेको प्र-१-०१-०१३ प.८७६६ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको मे.९ प ६२१९ नम्बरको स्कुटर एकापसमा ठोक्किएका थिए । दुर्घटनामा गम्भीर घाइते स्कुटर चालक भुजेललाई दमकको लाइफलाइन अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेर गम्भीर घाइते भएका मोटरसाइकल चालक दमक -९ का अन्दाजी २६ वर्षीय सन्जोक सुन्दासलाई तत्काल दमकस्थित निम्स अस्पतालमा भर्ना गरिएको थियो । उनलाई थप उपचारका लागि विर्तामोडस्थित विएण्डसी अस्पतालमा लगिएको छ ।

घाइते सुन्दासको अवस्थासमेत चिन्ताजनक रहेको प्रहरी नायव उपरीक्षक कार्कीले जानकारी दिए ।

## कोठी सञ्चालन गर्ने चमेली पक्राउ

**बिर्तामोड, फागुन २८।** नेपाली महिलाले भारतमा पुगेर कोठी सञ्चालन गरेको फेला परेको छ । उनले नेपालबाट महिलालाई लैजाने र वेश्यावृत्तिमा लगाउने गरेको खुल्न आएको छ ।

प्रहरीले भारतमा कोठी सञ्चालन गर्ने मानव बेचबिखन अपराधमा संलग्न रही फरार रहेकी नुवाकोटको साविक गाउँखर्क गाविस-९ की ६२ वर्षीया रुकमाया तामाङ (चमेली) लाई पक्राउ गरेको छ । उनले सीता तामाङका नाममा मानव बेचबिखन गर्ने गरेको खुल्न आएको छ । उनले भारतको नयाँ दिल्लीस्थित जिबी रोडको ५६ नम्बर गल्लीमा कोठी सञ्चालन गरेर बस्ने गरेको पत्ता लागेको छ ।

मानव बेचबिखन अनुसन्धान ब्युरोबाट खटिएको प्रहरी टोलीले नुवाकोट प्रहरीको सहयोगमा विदुर नगरपालिकाबाट पक्राउ गरी अनुसन्धान थालिएको ब्युरोका प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिए । उनका विषयमा काठमाडौँ जिल्ला अदालतबाट सात दिनको म्यादसमेत थप गरी अनुसन्धान जारी रहेको छ ।

पीडित महिलालाई उनका सहयोगीले चितवनमा आफन्तको घरमा काम लगाइ दिन्छु भन्ने बहानामा काठमाडौंबाट लगेको अनुसन्धानबाट देखिएको छ । त्यसपछि गिरोहले बीच बाटोमा पानीमा बेहोस हुने औषधि खुवाएर भारतको नयाँ दिल्लीस्थित तामाङको कोठीमा पुऱ्याएर बिक्री गरेको खुलेको नेउपानेले बताए ।

त्यसपछि तामाङले पीडितलाई बन्धक बनाई जबर्जस्ती यौन पेशामा लगाएकी थिइन् । मानव बेचबिखन तथा

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार ।

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

**कनकाई आदर्श क्याम्पस, बिर्तामोड झापाको**
**बोलपत्र आह्वान सम्बन्धी जरुरी सूचना**

*प्रथमपटक प्रकाशित मिति: २०७७/११/२७*

यस कनकाई आदर्श क्याम्पस बिर्तामोडमा तपशिल अनुसारको विद्युतीय सामग्री जडान गर्नुपर्ने भएकोले जडान सामग्री उपलब्ध गराई जडान गर्न इच्छुक व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा शिलवन्दी बोलपत्र/दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिएको छ । सो बोलपत्रमा सामान उत्पादक कम्पनी समेत उल्लेख गर्नुपर्नेछ ।

तपशिल

| सि.नं. | सामग्रीको नाम | संख्या |
|---|---|---|
| १ | IP Camera 5mp | २५ थान |
| २ | NVR 32ch | १ थान |
| ३ | HDD 2TB | २ थान |
| ४ | AC 2 ton | १० थान |

*नोट: यस क्याम्पसमा बीबीएस र बीए प्रथम वर्षको नयाँ कक्षा सञ्चालन भइसकेकोले भर्ना हुन इच्छुक विद्यार्थीहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।*

सम्पर्क : **कनकाई आदर्श क्याम्पस**
बिर्तामोड, झापा (फोनः ०२३-५४००५५ र ०२३-५४००९५)

**डाक्टर आउने बारेको सूचना**

वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
**डा. नगेन्द्र कटुवाल**
MD (Neuropsychitry)
वरिष्ठ नशा तथा मानसिक रोग विशेषज्ञ
**यसपटक यही चैत १ गते आइतवार**

समपर्क: **सनसाइन मेडिसिन सेन्टर**
भद्रपुर रोड, बिर्तामोड (झापा)
सम्पर्क नं. ०२३-५३४१३२

# किरात याक्थुङ चुम्लुङ झापाको अध्यक्षमा फियाक



**दमक, २८ फागुन।** लिम्बू भाषा,साहित्यसँगै पत्रकारितामा क्रियाशील दमक-५ निवासी सेसेहाङ फियाक किरात याक्थुङ चुम्लुङ झापाको अध्यक्षमा निर्वाचित भएका छन्।

विर्तामोड -१ स्थित चुम्लुङ भवनमा शुक्रवार सम्पन्न ११ औं जिल्ला अधिबेशनवाट उनी आगामी तीन बर्षे कार्यकालको लागि अध्यक्षमा सर्वसम्मत निर्वाचित भएका हुन्। लामो समयदेखि पत्रकारितामा क्रियाशील फियाक नेपाल पत्रकार महासंघ तथा नेपाल प्रेस युनियनका सदस्यसमेत हुन्। अधिबेशनले फियाकको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति गठन गरेको थियो।

हल्दिवारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देनको प्रमुख आतिथ्य तथा चुम्लुङका केन्द्रीय उपाध्यक्ष गोविन्द आङबुहाङ, सचिव डा.योगेन्द्र पालुङ्वाको विशेष आतिथ्यमा भएको अधिबेशन उद्घाटनका अवसरमा चुम्लुङ अभियानमा योगदान पुऱ्याएको भन्दै चुम्लुङकी पूर्व केन्द्रीय सदस्य राधा सुब्वालाई सम्मान गरिएको थियो।

अधिबेशनको वन्दसत्रमा चुम्लुङ जिल्ला अध्यक्ष भक्त खेवाङले प्रस्तुत गरेको सांगठनिक र कोषाध्यक्ष गुमानसिंह सम्बाहाम्फेले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सुझावसहित पारित गरिएको थियो। अधिबेशन सम्पन्न गर्न चुम्लुङका अग्रज कृष्णकुमार थेवेको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो।

फियाक किराँत सिरीजङ्गा लिपिका पूर्वाञ्चल दैनिकद्वारा प्रकाशित लिम्बूभाषा खण्डका सम्पादकसमेत हुन्।

# विराट र ग्लेसियरबीच सहकार्य




**विर्तामोड, फागुन २८।** झापाको विर्तामोडमा रहेको बिराट ज्योति अंग्रेजी मावि र ग्लेसियर इन्टरनेशनल स्कूल एण्ड कलेज काठमाडौंबीच व्यवस्थापकीय सहकार्य भएको छ।

बिर्तामोड -३ सैनिकमोडमा स्थापना भएर साढे दुई दशकदेखि शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएको विराट ज्योति अंग्रेजी मावि यहाँको गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालय मध्येमा पर्छ।

२५ वर्षदेखि शिक्षा क्षेत्रमा योगदान गर्दै आएको बिराटज्योतिले समय सुहाउँदो शैक्षिक गतिविधिका लागि ग्लेसियरसँग सहकार्य गर्ने भएको हो। बिराटका अध्यक्ष गणेश ओलीले जीवन उपयोगी, व्यवहारिक र अनुसाशित शिक्षाका लागि अब नयाँ ढंगले अघि बढ्ने जानकारी दिए। शुक्रवार विर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गरी सहकार्य बारे जानकारी दिइएको हो।

बिराटज्योतिले अभिभावक र विद्यार्थीको मन जित्दै यहाँसम्म आएको ओलीले बताए। गुणस्तरीय र प्रविधिसहितको शिक्षालाई पहिलो प्राथमिकतामा राखेर पठनपाठन सञ्चालन गर्दै आएको ओलीको भनाइ छ।

ग्लेसियरसँगको सहकार्य पछि शैक्षिक र प्राविधिक सहयोग हुने ग्लेसियरका सहायक प्रिन्सिपल रेगन प्रसाईले जानकारी दिए।

सफल शैक्षिक संस्थाको पहिचान बनाएको ग्लेसियरसँगको सहकार्यमा बिराटलाई थप गुणस्तरीय र समय सापेक्ष बनाइने प्रसाईको भनाइ छ। ०५१ सालमा स्थापना भएको ग्लेसियरले बिराटसँगको सहकार्यमा झापाको शिक्षा क्षेत्रमा नयाँ पहिचान स्थापित गर्ने विश्वास गरिएको छ। बिराटले आगामी शैक्षिक शत्रबाट विज्ञान र मानविकीका संकायहरु र मन्टेश्वरी शिक्षामा आधारित कक्षा सञ्चालन गर्ने योजना बनाएको अध्यक्ष ओलीले बताए।

२०५१ सालमा स्थापना भएको ग्लेसियर इन्टरनेशनल स्कूल एण्ड कलेजले २०६६ सालदेखि +२मा विज्ञान, व्यवस्थापन र मानविकी संकायमा शिक्षा प्रदान गर्दै आएको छ। हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गतको बीबीएम, बीबीएस, बीसीए, बीए र एमबीएसका कक्षा पनि चलाउँदै आएको ग्लेसियरले मोन्टेश्वरी शिक्षालाई व्यवस्थित र व्यवहारिक बनाउने उद्देश्यले भारतस्थित हैदरावादको आइरिस फ्लोरेट्स फ्रान्चाइज अन्तर्गतको शिक्षा पनि प्रदान गर्दै आएको बताइएको छ।।

कार्यक्रममा विराट ज्योति माविका अध्यक्ष ओलीले व्यवस्थापकीय जिम्मेवारी ग्लेसियरले लिएपनि पुरानो टीम यथावत रहने बताउँदै नयाँ व्यवस्थापनबाट विद्यालयको स्तर अझ माथि उठ्ने विश्वास व्यक्त गरे। कार्यक्रमको सञ्चालन प्रणित पुडासैनीले गरेका थिए।

# टाटा मोटर्स्को नयाँ फरएभर रेन्जका गाडीहरू अब ईटहरी नेपालमा




**झापा, फागुन २८।** टाटा मोटर्सको नेपालका लागि एकमात्र आधिकारिक बितरक सिप्रदी ट्रेडिङ्ग प्रालिले फरेवर रेन्ज अन्तर्गत पर्ने पाँच वटा नयाँ गाडीहरु शुकबार एक कार्यक्रमकाबीच सार्वजनिक गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि नाडा एसोसिएशन पूर्वाञ्चलका अध्यक्ष सुवास आचार्यले सार्वजनिक गरेका हुन्।

टियागो, टिगोर, नेक्सन, अल्ट्रोज र एच फाइभ बी एस सिक्स प्रविधियुक्त गाडीहरु एकैपटक सार्वजनिक गर्ने नेपालकै पहिलो कम्पनी भएको छ। यिनीहरुको बनावट अत्यन्तै सुन्दर रहेको र यो टाटाको इम्प्याक्ट २.० डिजाईन ल्याङ्ग्वेज अनुसार तयार पारिएको बताइएको छ।

बदलिँदो समयको माग अनुसार पुनः डिजाइन गरिएका गाडीहरु कार्य क्षमता, आरामदायी र सुरक्षाको दृष्टिकोणले पनि अरुभन्दा अग्रस्थानमा रहेको दावी गरिएको छ।

**नयाँ टियागो**

१२०० सीसी इन्जिन क्षमताको नयाँ टियागोको बनावट आकर्षक रहेको छ। उन्नत खालको सस्पेन्सन प्रणाली र एन्ड्रोइड अटो जस्ता पछिल्ला इन्फोटेन्मेन्ट सुविधाहरु भएको यो गाडी रातो, पहेँलो, निलो लगायत ६ वटा रङ्गहरुमा उपलब्ध छन्। टाटा टियागो फोर स्टार सेफ्टी रेटिङ्ग पनि प्राप्त गर्न सफल भएको छ।

**नयाँ टिगोर**

१२०० सीसी इन्जन क्षमताको नयाँ टिगोरमा डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर र रिर्भसिङ्ग क्यामेरा जस्ता अत्याधुनिक सुविधाहरु रहेका छन्। मनमोहक बनावट सहित उत्कृष्ट सुरक्षाको बिशेषता भएको यो गाडी पाँचवटा रङ्गहरुमा उपलब्ध रहेको छ। टाटा टिगोरले पनि फोर स्टार सेफ्टी रेटिङ्ग प्राप्त गरेको छ।

**नयाँ नेक्सन**

१२०० सीसी इन्जिन क्षमता भएको नयाँ नेक्सनमा इरा जस्ता प्रविधि जडान गरिएको छ। यसले गर्दा यो गाडी नेपालको सडक सुहाँउदो भएको कम्पनीले जनाएको छ। टाटा नेक्सन ग्लोवल सेफ्टी रेटिङ्गमा फाइभ स्टार प्राप्त गर्न सफल गाडी हो।

इलेक्ट्रिक सनरुफ, इलेक्ट्रिक स्ट्याबिलिटी र कनेक्टेड कार टेक्नोलोजी लगायतका नयाँ बिशेषताहरु भएको नेक्सन ६ वटा रङ्गहरुमा उपलब्ध रहेको छ।

**नयाँ अल्ट्रोज**

१२०० सीसी इन्जिन क्षमता भएको टाटाको नयाँ अल्ट्रोजको सम्पूर्ण बनावट अल्फा वास्तुकलामा आधारित छ। नेक्सनमा जस्तै आईआरए प्रविधि भएको यो गाडी आफ्नो श्रेणीमा सबैभन्दा सुरक्षित भएको ग्लोवल एनक्याप मार्फत प्रमाणित भइसकेको छ।

साथै ह्याचब्याक सेग्मेन्टमा ग्लोवल सेफ्टी रेटिङ्गमा फाईभ स्टार प्राप्त गरेको छ। यो रिदम, स्टाईल, लुक्स र अर्वन गरी चारवटा प्रकृतिमा उपलब्ध रहेको छ।

**नयाँ एच फाईभ**

२००० सीसी इन्जिन क्षमता भएको एच फाईभको सम्पूर्ण बनावट बिशिष्ट ओमेगार्क वास्तुकलामा आधारित छ। शक्ति, सुविधा र कार्यकुशलताको दृष्टिले यो गाडी उत्कृष्ट भएको कम्पनीले दावी गरेको छ। एच फाईभ बिभिन्न आकर्षक रङ्गहरुमा उपलब्ध रहेको छ।

## एमाले....

समाजवादी पार्टी नेपालका नेताहरूसँग ओली र उनका निकटवर्तीहरूले छलफल थालिसकेका छन्।

**- माधवकुमार नेपाल**

प्रधानमन्त्री ओलीविरुद्ध प्रचण्डसँग मिलेर गठबन्धन गरिरहेका नेता माधवकुमार नेपाल र उनको पक्षलाई अदालतको आदेशले अप्ठेरो पारेको कतिपयले विश्लेषण गरिरहेका छन्।

उक्त समूहका नेताहरूको भेलाले पार्टीलाई एकताबद्ध बनाउने जिम्मेवारी प्रधानमन्त्री ओलीको भएको टिप्पणी गरेको छ। विश्लेषक सुवेदी प्रधानमन्त्री ओलीको 'मास पपुल्यारिटी' (आम रूपमा लोकप्रिय व्यक्तित्व) नेपाल पक्षभन्दा धेरै माथि रहेको बताउँछन्। तर देशभर सङ्गठनमा रहेको प्रभावका कारण नेपाल पक्षले आगामी महाधिवेशनमा ओली समूहलाई कडा टक्कर दिने उनको धारणा छ।

एमालेभित्र अहिले जुन अन्तर्विरोध छ त्यो कायमै रहन्छ। अन्तद्वन्द्व भइरहे पनि सँगै बसेर निर्णय प्रक्रियामा सँगै जान त्यति धेरै समस्या हुन्छ जस्तो मलाई लाग्दैन -सुबेदीले भने। उनले थपे - सत्ता र शक्ति दुवैलाई प्रयोग गर्दा पार्टीभित्र ओली थप शक्तिशाली हुने र माधव नेपाल कमजोर हुने सम्भावना चाहिँ रहन्छ।

एमाले विभाजन हुने सम्भावना नदेखेको सुवेदीले बताए पनि प्रधानमन्त्री ओली असहिष्णु भएको अवस्थामा फुट हुनसक्ने विश्लेषक श्रेष्ठ ठान्छन्।

उनले भने-स्वभावको कारणले प्रधानमन्त्री असहिष्णु हुन सक्छन्। जथाभावी बोल्न थाल्ने हो भने ओलीलाई नै नोक्सानी हुन्छ। विभाजन हुने परिस्थितिमा पार्टीको ४० प्रतिशत माधवकुमार नेपालको पक्षमा उभिने सम्भावना पनि छ।

राजनीतिशास्त्री बराल नेपाल पक्षका एमालेका नेताहरू 'पुरानो कुरा छाडौं' भनेर आफ्नो कुरा दलभित्र राख्ने हिसाबले रणनीति बनाएर अघि बढ्ने ठान्छन्।

माओवादी केन्द्रबाट आएका नेताहरूलाई एमालेमा जिम्मेवारी दिने प्रधानमन्त्रीले तयारी गरेसँगै त्यसले पनि उक्त दलभित्रको अङ्कगणितमा प्रभाव पार्ने ठानिन्छ।

**पुष्पकमल दाहाल प्रचण्ड**

राजनीतिक विश्लेषकहरू सर्वोच्च अदालतको पछिल्लो फैसलाले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई केही कमजोर बनाइदिएको बताउँछन्।

वाम विश्लेषक श्याम श्रेष्ठ माओवादी केन्द्र चुनाव पहिलेको स्थितिमा पुगेको र उक्त दल निर्णायक भूमिकामा नरहेको बताउँछन्।

अहिलेको समीकरणमध्ये सबैभन्दा बढी अप्ठेरो माओवादी केन्द्रलाई हुन गएको छ। संसदीय राजनीतिको हिसाबले अब प्रचण्ड निर्णायक रहँदैनन्।

उनले भने-त्यसको अर्थ पहिले जसरी राजनीति उनको वरिपरि घुम्थ्यो, अब तत्कालका लागि घुम्दैन। तर फेरि पनि माधवकुमार नेपाल र प्रचण्ड मिल्ने अवस्था भयो भने कुनै पनि अरू दल भन्दा ती ठूला र निर्णायक हुन सक्छन्।

विश्लेषक सुवेदी नेपाली काँग्रेस र नेकपा एमालेसँग समानान्तर शक्ति आर्जन गर्न माओवादी केन्द्रलाई चुनौति रहेकाले उक्त दलकै भविष्य अस्पष्ट रहेको ठान्छन्। उनी भन्छन्- खेलाडी हुन् त्यही भएर प्रचण्डले आफूसँग भएको जनाधारमा टेकेर आफूलाई फेरि अनुकूल परिस्थितिमा ल्याउने सम्भावना सिद्धिएको छैन। उनको विचारमा पूर्व माओवादीहरू एक ठाउँमा आएर अरू शक्तिहरूसँग गठबन्धन गर्दै नगए उक्त पक्षलाई शक्ति आर्जन गर्न गाह्रो हुनेछ।

राजनीतिशास्त्री बरालले पनि प्रचण्डको व्यक्तित्वलाई क्षति पुगेको उल्लेख गर्दै भावी गठबन्धनहरूले उनको भविष्यलाई प्रस्ट पार्ने बताए।

ओलीविरुद्धको मोर्चाबन्दी कस्न नेकपामा रहँदा पूर्व एमालेको ठूलो पंक्तिको साथ पाएका प्रचण्डले पूर्वमाओवादी पृष्ठभूमिका रामबहादुर थापा र लेखराज भट्टसहित आफ्नै कतिपय निकटस्थ नेताहरूको समर्थन भने गुमाएका छन्।

संसद्मा ५२ सिट रहेको उक्त समूहका नेताहरूले सरकारलाई दिएको समर्थन फिर्ता लिने विषयमा अरू दलहरूसँग परामर्श थालिसकेको छ।

**शेरबहादुर देउवा**

नेकपा एकीकरण अघिको अवस्थामा फर्कँदा नेपाली काँग्रेस र त्यसमा पनि उक्त दलका सभापति शेरबहादुर देउवालाई राजनीतिक रूपमा फाइदा पुगेको धेरैले बताइरहेका छन्।

त्यस्तै धारणा राख्ने मध्येका एक राजनीतिशास्त्री बराल भन्छन् -सरकार निर्माणमा अहिले नै प्रस्ट चित्र नदेखिए पनि अहिलेको विभाजनले चुनावसम्म पुग्दा नेपाली काँग्रेसको अवस्था राम्रो हुनसक्छ। यो बेला काँग्रेसको छवि पनि खासै बिग्रिएको छैन।

विश्लेषक सुवेदी पछिल्लो परिस्थितिले काँग्रेस सभापति देउवालाई व्यक्तिगत रूपमा पनि फाइदा पुगेको ठान्छन्।

उनले भने -चुनाव हुने भयो भने चुनावसम्म दलको महाधिवेशन नगरौं भनेर सार्ने बाटो खोज्ने र त्यसपछि चुनावबाट ठूलो पार्टीको नेताका रूपमा सरकार बनाउँछु भन्ने सम्भावना पनि छ। पार्टीको सभापति फेरि पनि जित्ने दाउमा देउवा छन्।

अहिले नै प्रधानमन्त्री बन्छु भन्दा पनि एमालेले पनि देउवालाई प्रधानमन्त्री बनाउने सम्भावना छ। त्यो भएन भने अर्को तीन वटा दललाई मिलाउन सके भने पनि उनी प्रधानमन्त्री बन्न सक्छन्। देउवालाई राजनीतिक लाभ यो घटनाले दिएको छ-उनले भने।

विपक्षी दल भए पनि प्रतिपक्षको भूमिका नखेलीकनै देउवाले अहिले नयाँ सरकार गठनमा एक किसिमको निर्णायक भूमिका पाएको विश्लेषक श्रेष्ठ उल्लेख गर्छन्। प्रतिनिधि सभामा नेपाली काँग्रेसको ६३ सिट रहे पनि उसका एक जना सांसद जेलमा छन् भने अर्का निलम्बित रहेका छन्।

**जसपा नेपालका नेताहरू**

पछिल्लो सम्भावित सत्ता समीकरणको अङ्कगणितले जनता समाजवादी पार्टी नेपालको महत्व एक्कासि बढाएको छ।

जसपा नेपालको प्रतिनिधि सभामा ३४ सिट रहेको भए पनि उसका दुई जना सांसद निलम्बित रहेका छन्।

विश्लेषक सुवेदी तत्कालका लागि उक्त समूहले सत्ता भागबन्डामा लाभ पाउन सक्ने अवस्था देखिए पनि दीर्घकालीन फाइदा उठाउन नसक्ने टिप्पणी गर्छन्। उनले भने-अहिलेको अवस्थाको फाइदा उठायो भने उसले बढीमा रेशम चौधरीको रिहाइ र आफ्ना केही मानिसहरूलाई मन्त्री बनाउने हो। सङ्घीय समाजवादी र जनता पार्टीबीचको एकता अझै पनि पूरा भइसकेको छैन। गुच्चा जस्तो अहिले एक ठाउँमा अडिएको छ तर केही ठाउँ पायो भने फेरि आआफ्नो बाटा लागि हाल्छन्। मलाई धेरै शक्ति आर्जन गर्छ जस्तो लाग्दैन।

राजनीतिशास्त्री बराल जसपा नेपालको समर्थन नहुँदा कुनै पक्षले सरकार बनाउन नसक्ने भएकाले उक्त दल निर्णायक अवस्थामा रहेको ठान्छन्।

तर जसपा भित्र शीर्ष नेताहरू असंवैधानिक रूपमा प्रतिनिधिसभा विघटन गरेको भनेर आफैँले विरोध गरेका प्रधानमन्त्री ओलीसँग गठबन्धन गर्ने वा उनको विपक्षमा उभिने भन्नेमा विभाजित देखिन्छन्।

राजनीतिक विश्लेषक चन्द्र किशोर भन्छन् -अहिले जसपा नेपालभित्र महन्थ ठाकुर र राजेन्द्र महतोले दलको विचार निर्माण गरिरहेको देखिन्छ।

थारु समुदाय र आफ्ना माग पूरा गर्ने पक्षतर्फ आफू उभिने उसको मनसाय देखिन्छ। ओली जस्ता हक्की नेताले नै आफूलाई केही दिन सक्छ भन्ने नेताहरूको बुझाइ देखिन्छ।

जसपा नेपालभित्र सङ्घीय परिषद्का अध्यक्ष बाबुराम भट्टराई र अध्यक्ष उपेन्द्र यादव ओली इतरको गठबन्धन निर्माण गर्नुपर्ने पक्षमा रहेका विवरण आएका छन्। विश्लेषक श्रेष्ठ जसपा नेपालभित्र पनि दुई वटा धार रहेको भन्दै त्यसले पनि संसद्को अङ्कगणित र भावी राजनीतिक मार्गचित्र प्रभावित पार्ने बताउँछन्।

*-बीबीसी)*

## ओलीद्वारा....

तथा विष्णु पौडेललाई महासचिव बनाइएको थियो।

पुस ५मा प्रधानमन्त्री ओलीले संसद विघटन गरेपछि ओली र दाहाल पक्षमा विभाजित नेकपामा नेपाल-खनाल, दाहाल पक्षतिर लागेका थिए। तर २३ फागुनमा सर्वोच्चले ओली-दाहाल अध्यक्ष रहेको नेकपाको नाम अर्को दलसँग जुधेको भन्दै खारेज गरी एमाले र माओवादी ब्युँताउने फैसला गरेको थियो।

यस्तोमा नेपाल-खनाल पक्षले पूर्ववत् एमालेमै फर्कने निर्णय गरेका थिए। तर केन्द्रीय कमिटी बस्ने सम्मुखमा ओलीले नेपाल पक्षमाथि कार्वाहीको डण्डा चलाउँदै जिम्मेवारी बिमुख बनाए।

शुक्रवारको निर्णय अनुसार एमालेमा पदाधिकारीका रुपमा अब अध्यक्ष ओली र महासचिव ईश्वर पोखरेल मात्र रहने छन् भने पार्टी प्रवक्तामा प्रदीप ज्ञवालीलाई तोकिएको छ।

## अनुसन्धान..

भनाइ छ। मानिसभन्दा ५० गुणा बढी सुँघ्ने शक्ति भएका तालिमप्राप्त कुकुर घटना भएको २४ घण्टाभित्रै अनुसन्धानमा खटाउँदा ८६ प्रतिशतसम्म सफलता प्राप्त हुने कुकुर शाखाका प्रहरी नायब निरीक्षक दयानन्द श्रेष्ठले बताए। उनका अनुसार सुँघ्ने क्षमताकै कारण अपराध अनुसन्धानमा कुकुरको मद्दत लिने गरिएको छ।

१ नम्बर प्रदेश प्रहरी कुकुर शाखामा अहिले प्रहरी नायब निरीक्षकको कमाण्डमा १२ जना प्रहरी कार्यरत छन्। उनीहरूलाई डग ह्यान्डलर भनिन्छ। यिनै डग ह्यान्डलरहरूले कुकुरहरुको तालिम तथा रेखदेखमा सहजीकरण गर्ने गर्छन्। डग ह्यान्डलरहरूका अनुसार यी कुकुरले घटनास्थलमा छाडिएको प्रमाणलाई सुँघेर अपराधी पत्ता लगाउँछन्। घटनास्थल सकेसम्म सुरक्षित राखेर कुकुरलाई काम गर्न दिने हो भने प्रहरीलाई अभियुक्तसम्म पुग्न खासै समय नलाग्ने धरानका वरिष्ठ प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद चौधरीले बताए। प्रदेश १ का १४ जिल्लाका जिल्ला प्रहरी कार्यालय मार्फत घटना अनुसन्धानका लागि आवश्यकता अनुसार कुकुर माग गरेपछि धरानस्थित १ नम्बर प्रदेश प्रहरी केनाइन शाखाले कुकुर टिम पठाउने गरेको जनाइएको छ।

## कोठी....

ओसारपसारसम्बन्धी जाहेरीका आधारमा उनलाई पक्राउ गरिएको हो। उनका सहयोगी अन्यको खोजी जारी रहेको ब्युरोले जनाएको छ।

**मोटरसाइकल हराएको सूचना**

यही मिति २०७७ फागुन २४ गते बिर्तामोडको बी.एण्ड सी. हस्पिटलको पार्किङबाट प्रदेश नं.१–०१–०१२प ४३९८ नम्बरको २२० CC को बजाज पल्सर मोटसाइकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध छ।

योगप्रसाद तिम्सिना – मो. ९८५२६७२८८
अर्जुनधारा नगरपालिका, झापा

**कर्मचारी आवश्यकता**

यस सूर्योदय दूध डेरी उद्योगलाई एक जना लेखापाल चाहिएको हुनाले इच्छुक तथा योग्य व्यक्तिले निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**पद :** लेखापाल **संख्या :** एक जना (पुरुषलाई पहिलो प्राथमिकता)
**शैक्षिक योग्यता :** सम्बन्धित बिषयमा न्यूनतम +२ उत्तीर्ण, कम्प्युटरमा पूर्ण दक्ष
**तलब :** आपसी समझदारीमा
**निवेदन दिने मितिः** २०७७/१२/०१ देखि २०७७/१२/०५ गते दिउँसो ४:०० बजेसम्म।
**आवश्यक कागजातहरुः** निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
स्थानः भगवान चोक उत्तर, पञ्चकन्या प्लटिङ्ग दुर्गा मन्दिर पूर्व, बिर्तामोड न.पा. ०१, झापा
**थप जानकारीका लागि (आवश्यक परे) : ०२३-५४६४०८, ९८४२६२५३८१**

**महिला शिक्षिका आवश्यकता**

बिर्तामोड-१ मा रहेको एक मन्टेश्वरी स्कूललाई निम्नानुसारका शिक्षक कर्मचारी आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिले २०७७ चैत ३ गतेसम्ममा आफ्नो योग्यताको प्रमाणपत्रसहित दरखास्त आह्वान गरिन्छ।

**पद :** महिला शिक्षिका **संख्या :** २ जना
**योग्यता :** स्नातक वा सो सरह (अंग्रेजी विषयमा) *मन्टेश्वरी तालिम अनिवार्य साथै अनुभवीलाई प्राथमिकता*
**पद :** सहयोगी महिला **योग्यता :** साधारण लेखपढ गर्न सक्ने साथै अनुभवी
*नोटः यसै शैक्षिक वर्षका लागि प्ले ग्रुपदेखि कक्षा युकेजीसम्म भर्ना खुलेको जानकारी गराइन्छ।*

**संस्कार मन्टेश्वरी**
देवजगत टोल बिर्तामोड-१, झापा (फोनः ९८१७०५७४९२)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।
नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ।
*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ।*
**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**

**नि:शुल्क स्वास्थ्य शिविर बारेको सूचना**

यही मिति २०७७ फागुन २९ गते शनिवार बिर्तामोडस्थित पश्चिम बसस्टेण्ड उत्तर निशा कम्प्लेक्समा रहेको निशा एड्भान्स अल्ट्रासाउण्ड एण्ड डाइग्नोष्टिक क्लिनिकमा विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क स्वास्थ्य शिविर गरिने भएकाले समयमै आफ्नो उपचार गराउन अनुरोध गरिन्छ।

**विशेषज्ञ डाक्टरहरु**
१) डा. सीपी लिम्बूः न्यूरो सर्जन
२) डा. दिग्गज श्रेष्ठः न्यूरो सर्जन
३) डा. सन्दर्भ अधिकारीः साइक्याट्रिक्स
४) डा. प्रेमबहादुर शाहीः हाडजोर्नी, नशा
५) डा. प्रमोदकुमार साहः फिजिसियन
६) डा. केशवकुमार मण्डलः बाल रोग विशेषज्ञ
७) डा. सुनिलकुमार शाहः गाइनो विशेषज्ञ
८) डा. तान्छोना नेम्वाङ सुब्बाः प्याथालोजिष्ट
९) डा. सञ्जयकुमार गुप्ताः रेडियोलोजिष्ट
**फारम भर्ने समयः विहान ८ बजेदेखि ११ बजेसम्म**
**विरामी जाँचः १०:०० बजदेखि १ बजेसम्म**
नोटः भिडियो एक्सरेमा र ल्याबमा २० प्रतिशत छुट, औषधि नि:शुल्क।

सम्पर्कः **निशा एड्भान्स अल्ट्रा साउण्ड एण्ड डाइग्नोष्टिक क्लिनिक**, बिर्तामोड-१, झापा
सम्पर्कः ०२३-५९०१९४

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पुस्तक समिक्षा

# बाँच्ने खेलका हारजीत'भित्र...



आरती भट्टराई

विष्णुकुमार भट्टराईले आफ्नो फेसबुक पेजमा आफ्ना नयाँ दुई पुस्तकका कभर पृष्ठ राख्नु भएदेखि नै पुस्तकहरु कहिले पढ्न पाइएला भन्ने लागिरहेको थियो। त्यही बेला २०७७ साल फागुन ८ गते जयन्द्रप्रसाद प्रसाई साहित्य सेवा कोष बिर्तामोडले आयोजना गरेको कार्यक्रममा ती पुस्तक विमोचन भए। आफू उपस्थित हुन नसके पनि कार्यक्रम सम्बन्धी समाचार अनि कार्यक्रका तस्वीरहरु भने बारम्बार हेरिरहेँ। धन्य छ विज्ञानको विकास जसले गर्दा हामीलाई यो सौभाग्य प्राप्त भएको छ। जसको माध्यमबाट भौगोलिक दूरी भए पनि संसारको जुनसुकै कुनामा भएका सबै विषयका जानकारीहरु घरमा बसी-बसी लिन सकिन्छ। यही सुविधाको सदुपयोग गर्दै पुस्तक विमोचन भएको एक हप्ता पछाडि इ-मेल मार्फत नै मैले विष्णुकुमार भट्टराईका दुई नयाँ पुस्तकहरु पाएँ। पुस्तक प्राप्त हुने बित्तिकै दुईवटै पुस्तकलाई सरसर्ती पढेँ। दुई पुस्तकमध्ये 'बाँच्ने खेलका हारजीत' नामक पुस्तकका बारेमा मेरो मनमा लागेका वा भनौं मैले पुस्तक पढिसकेपछि मनन् गरेका कुराहरुलाई सार्वजनिक गर्ने काशिस गरेकी हुँ।

नेपाली विषयमा चासो राख्ने, भेटेसम्म सबै विषयका किताबहरु पढ्ने अनि विद्यार्थी जीवनदेखि नै जिल्लामा हुने साहित्यिक कार्यक्रममा सहभागी भएर ध्यान दिएर सुन्ने, अनि मौका पाउँदा आफ्ना कविता सुनाउने गरेकी मैले उच्च शिक्षा हासिल गर्ने उद्देश्यका लागि जति लेखेँ त्यति हो। लेखकलाई उनीहरुको पुस्तक पढिदिने, पाठकहरुका सुझाव, सल्लाहले लेखकलाई थप हौसला प्रदान हुन्छ भन्ने कुरामा म अनभिज्ञ भने छैन। त्यसैले किताब पढिसकेपछि केही लेख्ने आँट गरेकी हुँ।

विष्णुकुमार भट्टराई झापा जिल्लाको साहित्यिक जमातमा कहलिएको नाम हो। साहित्यप्रतिको प्रेम र निरन्तर लेखनले उनलाई समालोचक, विश्लेषक, निबन्धकार, कवि बनाउँदै साहित्यका विभिन्न विधामा सक्रिय बनाएको पाइन्छ। बाँच्ने खेलका हारजीत पनि उनको निरन्तर लेखनको उपज हो भन्ने कुरामा शंका छैन। यो पुस्तक निबन्ध संग्रहको नाममा बजारमा आएको छ। यो पुस्तकभित्र १४ वटा लेखहरु छन्। तर, निबन्ध संग्रह नाम दिएर पुस्तकाकार भएको यो पुस्तकभित्र भएका लेखहरु निबन्ध हुन् या होइनन् भन्ने विषयमा सोही पुस्तकभित्र कोमलप्रसाद पोखरेलले बाँच्ने खेलका हारजित पाठकीय अभिमत शीर्षकमा लेख्नुभएको छ। यो पुस्तकभित्र भएका लेखहरुलाई आफूले निबन्ध हो वा कथा हो छुट्याउन नसकेर प्रख्यात निबन्धकार मोन्टेगको परिभाषा हेर्नुपरेको। डाक्टर ईश्वर बरालको भनाइलाई राखेर यो निबन्ध नै हो भन्नेमा पुगेको तर पनि निबन्ध हो कि कथा भन्ने छुट्याउनलाई पोखरेलले समालोचक मोहनराज शर्माको समालोचना सिद्धान्त र प्रयोग पल्टाएर हेरेको भन्दै अन्त्यमा यसलाई आत्मकथा हो भन्नुभएको छ। पोखरेलका अनुसार आत्मकथा सत्यमा आधारित स्वअनुभूति हुनु पर्दोरहेछ, जसमा लेखकले इमान्दारीपूर्वक आफ्ना गुण मात्र होइन दोष पनि देखाएको होस्। भट्टराईको प्रस्तुत आत्मकथालाई हेर्दा यसमा आत्मकथामा हुनुपर्ने सबै प्रकारका विशेषताहरु उपस्थित रहेको देखिएको हुनाले उनी सफल आत्मकथाकार ठहरिएका छन् - भनिएको छ।

वास्तवमा लेखक भट्टराईले आफ्नो जीवन भोगाइका क्रममा आएका सजिला-अप्ठ्यारा घटनाक्रमहरुलाई यथार्थको धरातलमा राखेर यो पुस्तक पाठकहरुका माझमा ल्याएका छन्। पुस्तकमा आफूले भोगेका आफ्नो नितान्त व्यक्तिगत जीवनको चित्रण गर्ने क्रममा आफ्नो जीवनका भोगाइ नभएर धेरै नेपालीले व्यहोर्नुपरेको तत्कालीन समाजको यथार्थ चित्रण हो भन्न सकिन्छ। व्यक्तिले आफ्नो जीवन बाँच्ने क्रममा गर्नुपर्ने संघर्षका कथाहरुको यथार्थपरक, कारुणिक, मार्मिक ब्याख्या त यसमा पाइन्छन् नै साथै व्यक्तिगत इच्छा र चाहनाले मात्र मानिस अगाडि बढ्न सक्दैन। प्रत्येक व्यक्ति सामाजिक संरचनामा आबद्ध छ र सोही समाज अनुसार अघि बढ्न बाध्य हुन्छ। राजनीतिक परिवर्तनले ल्याउने प्रभाव र त्यसको परिणाम, आर्थिक अवस्थाका कारण व्यक्तिगत जीवनमा प्रभाव परेको हुन्छ। समय अनुसार सामाजिक परिवर्तन हुँदै जाने र हामी सबै त्यसको चपेटामा बाँच्न बाध्य छौं भन्ने विषय भट्टराईका निबन्धहरुमा देखाइएको छ।

यस पुस्तकमा भट्टराईले आफ्नो बाल्यकालदेखि युवावस्थासम्म आइपुग्दा के-कसरी आफ्नो जीवन अघि बढ्योभन्दा पनि कसरी विद्यालय शिक्षा हासिल गरेँ? कसरी क्याम्पसको पढाइ पूरा गरेँ? अनि कसरी आफ्नो कार्यक्षेत्रलाई अघि बढाएँ? भन्ने कुराको ययार्थ चित्रण गरेका छन्। आफूले शिक्षा प्राप्तिका लागि व्यहोरेका कष्टपूर्ण जीवन भोगाइका विषयवस्तुका साथ शिक्षण पेशामा रहेका बेलामा गरेका कामहरु अनि अप्रत्याशितरुपमा पाएको अवकाशको समेत चर्चा गरेका छन्। वर्तमान समयमा शिक्षाप्रति सर्वसाधारणले गरेको लगानी र त्यसको प्रतिफल अनि आफ्ना पुर्खाको शिक्षाप्रतिको धारणामा प्रष्ट भिन्नता छ भन्ने भट्टराईको कथन छ। भट्टराईका आत्मपरक निबन्धहरुमा उनका बाबु, हजुरबाबुहरुको जीविकोपार्जनको विषयवस्तु, बदलिँदो राजनीतिक अवस्थाको चपेटामा बाँच्नुपरेको अवस्था, शिक्षाका लागि उहाँहरुले गर्नुभएको लगानी, आफूले बाल्यकालमा शिक्षा प्राप्त गर्नका लागि भोग्नुपरेका समस्या, घरको कमजोर आर्थिक अवस्था र त्यसको मुख्यकारण पारिवारिक संख्या रहेको उल्लेख गरेका छन्। खेती बाहेक आम्दानीको अर्को स्रोत नभएको पहाडी जीवन बाँच्न बाध्य परिवेश, छोराछोरी पढाउन मन भए पनि सबैको पहुँच नपुग्नु आदि विषयवस्तु पुस्तकमा समावेश भएका छन्।

तत्कालीन सामाजिक संरचनामा शिक्षाप्रेमी केही व्यक्तित्वहरुले शिक्षा हासिल गरेपछि पाउने मानसम्मान रोजगारीको अवसर र त्यसले ल्याउने आर्थिक सम्पन्नताको सुन्दर सपना साकार पार्नलाई, आफ्ना सन्तान दरसन्तानको सुन्दर भविष्यको कामना गर्दै चरम आर्थिक संकटका बाबजुद आफ्नो गाँस काटेर आफ्नै अग्रसरतामा स्थापना गरेका विद्यालय भवनहरुको भौतिक अवस्था साथै यहाँ पढाउने शिक्षकहरुको अभाव अनि उनीहरुको शैक्षिक योग्यता आदि विषयवस्तु समेटिएका यी लेखनमा तत्कालीन समाजको चित्र छ। उत्कृष्ट लेखनशैलीका कारण लेखकले आफ्नो बाल्यकाल तथा युवावस्थामा आफूले भोगेका घटना जस्ताको तस्तै उल्लेख गरेको भए पनि त्यसमा बाल मनोविज्ञान र युवा मनको अत्यन्त मार्मिक ढंगले चित्रण भएको पाइन्छ। शिक्षा लिन भनेर स्कूल गएका केटाकेटी आफ्नो पाठ बुझाउन नसक्दा गुरुबाट पाइने दण्ड खप्न नसकेर स्कूल नै नगइकन दिन बिताउने साथै अञ्चलाधीश जस्तो ठूलो व्यक्तिले कस्तो दिसा गर्छ भन्दै पाइखानामा हेर्न जाने बालमनोसुलभ स्वभाव र जिज्ञासाको चित्रण यसमा अत्यन्त मार्मिकरुपमा उठान गरिएको छ। विविध समस्याका बाबजुद प्रवेशिका पास गरिसकेपछि अरु पढ्ने इच्छा हुँदाहुँदै उच्च शिक्षा लिन नपाएको अवस्थामा भनौं या क्याम्पस पढ्न नपाउँदाको अवस्थामा युवावस्थाको व्यक्तिमा आउने विचलन, मानसिक पीडाको विश्लेषण पुस्तकमा प्रभावकारी रुपमा वर्णन गरिएको छ। आफ्ना जीवनमा आइपरेका दुःख-सुखका क्षणहरुमा आइए निःशुल्क पढ्न पाएको खुशीयाली अनि चरम आर्थिक अभावका कारण मकैको भात खान मन नलागेर अरुको बारीको हरियो मकै चोरेर खाएको, धानको भात खाने रहरले पुरेत्याइँ गरेको, भोको पेटले दुःख नदेखाओस् भनेर मुखमा निमपत्ती हालेर कलेज जाने गरेको प्रसंग उल्लेख गरेर आर्थिक विपन्नतालाई सहजरुपमा प्रस्तुत गरेका छन्। आइएको परीक्षा दिनलाई विराटनगर आउँदा पहिलोपटक मधेस देख्न पाएको भए पनि आफ्नो पढाइमा पाएको सफलताले पढ्न हौसला प्रदान गरेको प्रसंग उत्प्रेरक छन्। त्यसपछि बीएड पढ्न आतुर भएका लेखकको मनोविज्ञानमा जति नै हारगुहार गर्दा पनि, कानूनी रुपमा अधिकार रहँदारहँदै पनि शिक्षा अधिकारीले कुरा नबुझिकन दिएको चिठी चुपचाप समातेर शारीरिकरुपमा अशक्त भएको व्यक्तिको दुर्बलताको फाइदा उठाउँदै काठमाडौं पढ्न गएको कुरा नलुकाईकन प्रस्तुत गरेर लेखकीय धर्म निर्वाह गरेका छन् उनले।



विद्यालय जाँदा-आउँदा होस् वा इलाम कलेज पढ्न जाँदा-आउँदा लामो पैदल दूरीका कारण जीवनका महत्वपूर्ण समय यात्रामा खर्च गरे र पूर्वी पहाडबाट काठमाडौं जानको लागि पश्चिम जानुपर्नेमा उनी दार्जिलिङ शिलगढी हुँदै विराटनगरसम्म गए, जुन उनको बाध्यता थियो। बाटो प्रयोग गर्दा पाएको दुःख उनको मात्र थिएन, यो त नेपालीको दुःख थियो। यसैगरी नौलो शहरमा, नयाँ परिवेशमा, नितान्त एक्लो, बिना खर्च बाँच्नुपर्दाको पीडा अनि एकमुष्ट पैतींस सय हातमा पहिलोपटक परेपछि घरमा बाबुले गरेको दुःख, साहुका अगाडि आमाले गरेका याचना सम्झेर भावुक हुँदै सबै ऋण तिर्न सके पाइने शान्तिको अनुभव पुस्तकमा छ। घर छोडेर टाढा पुगेकाहरुको मानसिक अवस्था, आफूभन्दा सानाको अगाडि आफूलाई सानो देखाउन नचाहने मानवीय स्वभाव, क्याम्पस पुग्न सक्छु भनेर बाटामा हराएको प्रसंग अनि साथीको संगतले व्यक्तिमा पर्ने प्रभावको सूक्ष्म चित्रण छ पुस्तकमा। क्याम्पसको चुनावमा सहसचिव पद पाएको प्रसंग अत्यन्त मार्मिक रुपमा प्रस्तुत गरेका छन्- उनले।

विभिन्न आरोह-अवरोह पार गर्दै झापाको धुलाबारीमा आएर शिक्षण पेशामा आबद्ध भएको, आफ्नो नाम 'मोबिस' बनाएको, हेडसरको घरको बसाइ त्यागेर आफ्नै गाउँको एक चेलीको घरमा बसेको, फुर्सदमा विद्यार्थीका घर पुग्ने गरेको, आफूले पाठ्यक्रम समेत पूरा पढ्न नपाइकन परीक्षा दिनु परेको पीडा सम्झेर विद्यार्थीहरुलाई अतिरिक्त ज्ञान आवश्यक हुन्छ र शिक्षकले सकेसम्म विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा लगाउनुपर्छ भन्ने मान्यताले आफ्नै अग्रसरतामा विद्यार्थीहरुलाई शैक्षिक भ्रमण लगेको, शिलगढीमा बसेर दुःखका साथ धारो पत्रिका प्रकाशन गरेको, निःस्वार्थ काम गर्दा पनि साथीभाइले सोझोपनको फाइदा उठाएका प्रसंग, सहयोगीको मनका कारण धुलाबारीमा घरखेत जोडेको साथै आफ्ना काममा निरन्तर लागीरहेका बेला अवकाश प्राप्त गरेसम्मका घटनाक्रमहरुलाई लेखकले आफ्ना निबन्धहरुमा यथार्थपरकरुपमा प्रस्तुत गरेका छन्।

समग्रमा भन्नुपर्दा भट्टराईको यो पुस्तक अतीत र वर्तमानको बीचमा पुल बनेर रहेको छ। नयाँपुस्ताले आफ्ना पुर्खाले गरेको परिश्रम र दुःखकष्टको बारेमा जान्ने सौभाग्य प्राप्त गरेको छ। समयसँगै प्रविधिको विकासले नयाँ पुस्ताहरुमा नयाँ-नयाँ कुराहरुमा मात्र चासो राख्ने वातावरण सिर्जना भइरहेको वर्तमान समयमा यो पुस्तक पढ्ने जो कोही पाठकलाई पनि आजभन्दा ५०, ६० वर्ष अगाडिको सामाजिक संरचना, राजनीतिक अवस्था अनि त्यसमा आएका परिवर्तनले व्यक्ति अनि समाजमा परेका असरहरुका साथ एउटा सिंगो परिवारलाई विपन्न आर्थिक अवस्थामा पनि साहसपूर्ण तरिकाले अगाडि बढाउन सक्ने पुर्खाहरुको सम्झना गराइदिन्छ। पुराना कुराहरु लेखनमा सीमित भएर पुस्तकाकार स्वरुपमा आउनु भनेको भविष्यका पुस्ताका लागि इतिहासको दरो प्रमाण हुनु हो। सयौं वर्ष पछाडि कसैले अगाडिको पुस्ताको बारेमा जान्न चाहेमा या तत्कालीन समाजको सामाजिक संरचना, भौतिक पूर्वाधार, राजनीतिक तथा आर्थिक अवस्थाको यथार्थ खोज्ने प्रयास गरेमा यो पुस्तक दह्रो ऐतिहासिक दस्तावेज बन्ने कुरामा दुईमत छैन।

विभिन्न शीर्षक राखेर लेखिएको यो पुस्तक आफ्नो जीवनका महत्वपूर्ण समयको बारेमा पाठकहरुलाई जानकारी गराउन सक्षम छ। भट्टराईको जीवनको बारेमा धेरै कुरा बुझ्न पाइने पुस्तकमा भएका लेखहरुमा उनका बाबुबाजेको सामाजिक प्रतिष्ठा, आर्थिक अवस्था, उनीहरुको शिक्षाका लागि गरेको समर्पण साथै देशको अस्थिर राजनीतिक अवस्था र त्यसले ग्रामीण समाजमा पारेको प्रभावलाई खुलेर प्रस्तुत गरेका छन्। ग्रामीण समाजमा राजनीतिक परिवर्तनले निम्त्याउने कष्टकर जीवनशैली व्यहोरिरहेका आफ्ना बाबुले कमजोर आर्थिक अवस्थाका बाबजुद उपलब्ध गराउनुभएको समयले गर्दा मात्र आफूले पढ्न पाएको, भाग्यले साथ दिएर निःशुल्क पढ्न पाएको आफ्नो मेहनतले सफलता हासिल गरे पनि आफूले पाएका सफलताको सम्पूर्ण श्रेय आफ्ना बाबुलाई दिँदै लेखकले आफ्ना लेखमा अग्रजलाई सम्मान प्रकट गरेका छन्। यसरी मसिनो गरी आफ्नो जीवनमा घटेका घटनालाई पाठकको अभिरुची बढ्ने गरी उल्लेख गरे पनि लेखकका बारेमा पूर्णरुपमा जान्न चाहने म जस्ता पाठकहरुका लागि भने यो पुस्तक अधुरो छ।

यो पुस्तक पढिसकेपछि लेखकका बारेमा पूर्णरुपमा जानकारी प्राप्त हुनुको साटो पाठकहरुमा अझ बढी कौतुहलता उत्पन्न हुन्छ। पाठकका दिमागमा अनेकौं प्रश्नहरु खडा हुन्छन्। जस्तै लेखकले पढ्नलाई कीर्तिपुर गएका बेला पुलिसको तालिम लिएको उल्लेख गरेका छन्। यसका अतिरिक्त उनले पढाइ बाहेक अरु कुनै पनि काम खोजी गरेका देखिँदैन। पढाइ सकेपछि फर्केर आउने उनको गाउँघरको परिवेशसँग उनी पूर्ण परिचित थिए। यस्तो अवस्थामा उनलाई फेरि गाउँ फर्केर आउनको साटो कुनै काम गरेर शहरमा नै बसौं भन्ने इच्छा भएन? शहरमा बस्ने इच्छा थिएन भनौं भने उनकै भनाइमा उनले काठमाडौं आएपछि गाउँले परिवेशको पहिरन छोडेर पतलुन लगाउन थालेको, नयाँ घडी, जुत्ता किनेको उल्लेख गरेका छन्। यसबाट उनले शहरलाई मन पराउन थालेको ठहर हुँदैछ? फेरि पढ्न काठमाडौं आउनै पर्ने भन्ने थाह पाएर पनि काठमाडौंलाई छोडेको प्रसंगमा उनले काठमाडौं बस्नका लागि पक्कै पनि निकै प्रयास गरेको हुनुपर्छ। तर, पाठकहरुका सामु त्यो भन्न नचाहेको हो कि झैं लाग्छ।

त्यसैगरी काम गर्दै गुजारा चलाइरहेको एउटा शिक्षकले उसको इच्छा विपरीत अवकाश पाएको छ। शिक्षण पेशामा रहेर आफ्नो जीवन निर्वाह गरिरहेको एउटा शिक्षकले बिना कुनै अपराध अप्रत्याशित रुपमा पाएको अवकाशले उसको मानसिक अवस्था कस्तो भयो होला? अवकाशपछिको उसको जीवन कसरी अगाडि बढ्यो? अवकाशपछिको उसको जीवन कसरी अगाडि बढ्यो? भन्ने प्रश्न मुख्य रुपमा देखापर्छ। धुलाबारीले अवकाश दिएपछि धनकुटा लगेर त्यहीं जागिरमा म लाग्नु उहाँकै कारण हो भन्ने एउटा वाक्य 'मोहिनी विलाससँग' भन्ने शीर्षकमा पढ्न पाइन्छ। तर, यो कसरी सम्भव भयो? व्यक्ति स्वयम्को इच्छाविरुद्ध सरकारले दिएको अवकाश कसरी फिर्ता पाइयो? भन्ने प्रश्नको उत्तर पाठकहरुका लागि कौतुहलताको विषय भएर रहेको छ।

धुलाबारीमा काम गरिरहेको समयमा लुइँटेल परिवारको साथ पाएर जोडेको घरखेत अनि त्यो घरलाई पूर्ण बनाउन चाहिने सम्पूर्ण सामानहरु आफ्नै माइलो दाजुलाई बिनाशर्त छोडिदिएको र अहिलेसम्म पनि त्यो घरखेत जोड्न सकेकोमा गौरव महशुस भइरहेको छ उनलाई। सुविधा चाहिने बेलामा राजमार्गसँग जोडिएको त्यो ठाउँ र अहिले बसेको राजमार्गबाट दुई-तीन किलोमिटर हिँडेर पुगिने ठाउँबीच भिन्नता छ भन्ने उल्लेख गरिएको भए पनि उनको पारिवारिक तथा व्यावहारिक जीवनको वर्णन कतै पनि पाइँदैन। आफूले दुःखका साथ जोडेको सम्पूर्ण घरबार दाजुलाई छोडिदिएपछि उनी आफू कहाँ गए? कामबाट अवकाश पाएर वेरोजगार भएको व्यक्तिलाई कसले सहयोग गऱ्यो? उनले आफ्नो परिवारको लागि भनेर कहिलेदेखि घरबारको व्यवस्था गरे? उनको विवाह भएको भन्ने एउटा वाक्य बाहेक उनको वैवाहिक जीवन अवस्था, उनकी जीवनसंगिनीसँगको सहकार्य अनि छोराछोरीको विषयमा कतै पनि उल्लेख भएको पाइँदैन। अत्यन्त दुःखका साथ प्राथमिकता शिक्षा हासिल गरेका लेखकले आफ्ना सनतानलाई शिक्षा दिने बेलासम्ममा सर्वसाधारणका लागि शिक्षामा पहुँच कस्तो थियो भन्ने विषयमा पनि प्रश्नमा नै सीमित छ। लेखकले आफ्नो व्यवहारिक जीवनको बारेमा उल्लेख गरेको यो पुस्तकले उनको जीवनको एउटा पाटो माथि मात्र प्रकाश पार्न सफल भएको देखिन्छ।

सामान्य पाठकका रुपमा मेरो मनभित्र रहेका यी प्रश्नहरुको उत्तरसहित सम्पूर्ण विवरणहरु समेटिएको नयाँ पुस्तक लेखकले चाँडै प्रकाशित गरेर पाठकका अधुरा प्रश्नहरुले पूर्णता प्राप्त गर्नेछन् भन्ने आशाका साथमा मेरा नितान्त व्यक्तिगत विचारहरु लेखकका सामुन्ने पुऱ्याउन चाहन्छु।

## कविता

### ट्राफिक नियमको पालना



दिक्षा भेटवाल

रातो हरियो अनि पहेलो, तीन वटा छन् रंग
गरौं है ट्राफिक नियमको पालना, नत्र हुन्छ जीवन भङ्ग ।
दुर्घट्नाबाट बच्ने छ, जनताको नित्य चाहना
त्यसका निम्ति गर्नुपर्छ सबैले ट्राफिक नियमको पालना ।

गाडी चलाउँदा फोन निषेध, बाटो यात्रीले काट्दा समेत
सिटवेल्टको प्रयोग गरौं गाडीको सिटमा प्रत्येकले
हेलमेट लगाउन छ जरूरी दुर्घटना मुक्त हुन्
कम स्पिडमा गाडी चलाउँदा सक्दैन अकाल मृत्युले छुन ।

धुम्रपानको सेवन नगरौं, गाडी मोटर कुदाउँदा
कति दुःख हुन्छ, बरै स्टेचरमा सुताई अस्पताल तर्फ गुडाउँदा
ट्राफिक प्रहरीको निर्देशन मानौं, हुन्छ सबै राम्रो
गरे ट्राफिक नियमको पालना, जीवन जादैन खेर हाम्रो ।

*म्यारी गोल्ड मावि कन्काई-४, कक्षा ९*

### गजल

देशका लागि गर्छु भन्ने आफै पछि पर्न थाले
जनताको बोली सुनी पछि तिर सर्न थाले

लोकतन्त्र र गणतन्त्र पछि शान्ती छैन देशमा
गरीब बस्तीका जनताहरू भोकले नै मर्न थाले

बिकट ती बस्तीहरूमा यातायात पुग्या छैन
सुख खोज्दै उनीहरू तराई तिर झर्न थाले

महँगीले आकाश चुम्यो किनि साध्य भएन
सस्तोमा सामान किन्न भनी मेचीपारी तर्न थाले

रोजगार छैन देशमा बिदेशीन बाध्य छन्
रोजगारका अवसर देखाइ जनतालाई टार्न थाले

**– कमलप्रसाद बाँस्कोटा (कमल)**
कनकाई-८, झापा

# मैले देखेको पिता



कथा



बिन्दु अधिकारी

छोरो सानो हुँदा धेरै दुःखकष्ट सहेर घामपानी केही नभनी आमा र छोराको सुख र खुशीको लागि सकी/नसकी अथाह संघर्ष गऱ्यो। श्रीमती र छोराको खुशीको खोजीमा परिवार, आमा-बुवा, समाज आफन्त सबैसँग विद्रोह गऱ्यो।

जुनी-जुनी सातौं जुनीको बाचा-कसम खुवाएर विवाह गरेर ल्याएको आफ्नो धर्मपत्नीसँगको सातौं बाचा-कसम पूरा गर्दागर्दै उसले नौ महिना गर्भमा राखेर जन्माएकी आमाको त्याग पनि बिर्सियो। काँधमा बोकेर बुवाले संसार देखाएको त्यो समर्पण पनि भुल्यो अनि हातमा समातेर उसका परिवार जनले अघि बढ्न सिकाएको त्यो पलको माया र विश्वास पनि बिर्सियो। समग्रमा उसले पूरा संसार नै बिर्सियो या भनौं श्रीमती र छोरा बाहेक उसले खुशी दिनुपर्ने अरु पनि छन् भन्ने नै बिर्सियो।

बल्ल-बल्ल उसको छोरो ठूलो हुँदै थियो। संसार जित्ने सपना देखाउँदै उसले छोरालाई पल-पल हरपल आफ्नो सारा खुशीहरु बेची-बेची राम्रो स्कूलमा पढाउँदै थियो। नर्सरीदेखि औंला समाएर डोऱ्याउँदै हिँडायो आफ्नो खाजाको पैसा बचाइ-बचाइ छोराको लागि खेलौना र चकलेटको बजार लगाइदियो। आफू पुरानो लुगामा रमाएर पनि छोरो र श्रीमतीलाई जे भन्यो त्यही पुऱ्याइदियो। उसलाई त कुनै चाडपर्व उत्सव वा केही अवसरमा एउटा उपहार कहीँबाट मिल्दैन थियो। तर, उसले भने दशैं, तिहार, तीज, जन्मदिन, एनिभर्सरी, होली अथवा कुनै अवसरमा उपहार दिन कहिले छुटाउँदैन थियो।

हर घडी हर समस्यामा श्रीमती र छोराको अगाडि चट्टान बनेर उभिन्थ्यो! दुःखको आँधी, अभावको बादल, परिवार र समाजको तिखो व्यंग्यबाण आफैंले छेकी दिन्थ्यो! कति गर्नु विचरा ले! छोराको स्याहार-सुसारदेखि अन्नपात जुटाउनको कोसँग हात पसारेन कि, चोट र पीडाले छट्पटिँदा एकान्तमा पो रोएन कि, परिवारलाई खुशी दिन दिनरात हाडछाला खियाएन कि भनौं जति गर्नुपर्ने थियो त्यो भन्दा धेरै नै गऱ्यो। श्रीमती र छोराको लागि जिउँदाजिउँदै लाग्थ्यो ऊ आफैंमा पलपल मरिरहेको थियो।

समय सधैं एकैनासले कहाँ चल्थ्यो र! नियतिले एउटैको मात्र परीक्षा कहाँ लिन्छ र! ऊ त जीवनको हर परीक्षामा पास हुँदै थियो। तर, सायद अब परीक्षा दिने पालो उसको श्रीमती र अबोध छोराको थियो। एकदिन काम गरेर फर्किँदै गर्दा ऊ बाटैमा बेहोस भएर लडिरहेको भेटियो। के भयो कसैलाई थाहा भएन, तर उसको दुइवटै हात अब चलिरहेको थिएन। कोशिस त डाक्टरले धेरै गरे, उपचार जारी थियो, तर राम्ररी ठिक हुनलाई धेरै समय लाग्ने थियो।

हस्पिटलको उपचारपछि अब उसलाई घर लगियो। शुरु-शुरुमा त स्थिति सामान्य थियो। उसले बचत गरेको पैसा थियो, त्यही सकियो। उसको अफिसले काम गरेको पैसा दियो त्यो सकियो। अलि-अलि जग्गा बेच्दै घर खर्च चल्यो त्यो पनि सकियो। परिवार आफन्त समाज सबैले सहयोग गरे त्यो पनि सकियो। सकिँदासकिँदै पूरा चार बर्षको समय पनि सकियो। तर, उसको अवस्था आशालाग्दो भएको थिएन।

बाहिर त ठिकै देखिन्थ्यो, तर घरभित्र उसको श्रीमतीको ऊ प्रतिको व्यवहार राम्रो पनि थिएन। पहिला मेरो माया! मेरो हजुर! भन्ने श्रीमती आजभोलि कुरैपिच्छे उसको अपमान गर्थिन्। गरिबी र अभावको बारेमा झगडा नभएको क्षण थिएन। आमा-बुवासँग अंश माग्नु भन्ने दबाब बोली-बोलीमा आउथ्यो। उसको खानापान, औषधि, सुत्ने-बस्ने कुनै कुरामा उसको चासो दिने त्यहाँ कोही थिएन। पैसा र सुख हुँदा मात्र न हो सबैको हाइ हाइ! आज उसको यो दुर्दशामा को आफ्नो? को पराई?

समय आफ्नै गति मा चलिरहेको थियो। उसले राजकुमारी जस्तो गरेर माया गरेको श्रीमती त अब उसको मुटुको टुक्रा त्यो छोरो लिएर माइत गएर बस्न थालिसकेकी थिइन्। तर, जुन परिवार बुवा-आमालाई उसले श्रीमतीको कुरा सुनेर पल-पल रुवाएको थियो त्यही आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनी सबैले दिनरात एक गरेर उसको सेवा गर्दै थिए। नेपाल-भारत तथा अन्य देश जहाँ हुन्छ त्यही लगेर उपचार गर्दै थिए! आफ्नो छोरा त भयो भयो, छोराको छोरा या नातिको पनि सम्पूर्ण खर्च बुवा-आमाले नै धान्दै थिये। गाह्रो थियो ती दिनहरु, तर पनि सहदै थिए। सुखद् भविष्यको आशामा समय कटाउँदै थिए।

एक बर्षपछि उसको घरमा अदालतले पठाएको एउटा पत्र आयो। बैंकले ऋणको पत्र पठाएको होला भन्ने सोचे सबैले, तर खोलेर हेर्दा त्यस्तो थिएन। त्यो सम्बन्धबिच्छेदको लागि उसकी श्रीमतीले पठाएको पत्र थियो। जसमा श्रीमतीको हस्ताक्षर गरिएको थियो अनि मात्र उसको हस्ताक्षरको माग थियो। कसैले केही बुझेन। अरुले के बुझ्नु र शुरुदेखि नै उनीहरुको सम्बन्धको बारेमा बुझ्ने र बोल्ने अधिकार कसैलाई थिएन। जे बुझ्यो उसैले बुझ्यो होला।

पत्रमा मेरो श्रीमान् अपाङ्ग, अशक्त गरीब, गैर जिम्मेवार भन्ने जस्ता के-के दोष लगाएको थियो। त्यसलाई सही बनाउन झुटो प्रमाण पनि धेरै थियो। सबैले सबै कुरा बोले तर उसले केही बोलेन। भन्नेले त धेरै कुरा भने तर उसले केही भनेन्। जब छोराको भागबन्डाको कुरा निस्कियो उसले आफूले छोरा राख्न पाउ भनी धेरै बिन्ती गऱ्यो। सबैसँथ हारगुहार गऱ्यो। भएको जति सम्पत्ति श्रीमतीको नाममा गर्न पनि तयार भयो। सबै गर्छु भन्यो, आफूसँग भएको सबै कुरा दिन्छु भन्यो।

अन्त्यमा सबैजना अदालतको फैसला पर्खिरहेका थिए। उसले छोरोको अभिभावकत्व पाउने कुरामा सबै ढुक्क थिए। उसले छोराको असल हेरचाह गर्न सक्ने कुरा प्रमाणित भइसकेको थियो त्यसैले सबै खुशी थिए। सारा समाज, आफन्त परिवार सबैले देखेका थिए उसले छोराको माया कति गरेको छ भनेर। आमा त नाम मात्रै थिइ। छोरो त बाबा यानिकी उसले नै हुर्काएको थियो आज छोरो १० वर्षको हुइञ्जेलसम्म कुनै जिम्मेवारीबाट ऊ टाढा भएकै थिएन त्यसैले त उसलाई विश्वास थियो कि छोरो उसको साथ हुनेछ।

अदालतको फैसला पनि आयो। उसले आफ्नो आधा सम्पत्ति श्रीमतीको नाममा गर्नुपर्ने भयो। आजको मितिदेखि दुईजनाबीचको नाता सकिएको घोषणा गरियो अनि अन्त्यमा भनियो- 'छोरो नाबालक भएको हुनाले र सन्तानमाथि आमाको पहिलो हक लाग्ने भएकोले छोराको पालनपोषण र साथमा राख्ने अधिकार उसको बाबालाई होइन आमालाई दिइएको छ। अन्यथा केही भएमा कानून अनुसार सजाय हुनेछ।'

आमाले आमा भएकै नाताले जे गर्दा पनि सही भयो, तर बाबाले बुवाले कति गऱ्यो सबै मूल्यविहीन देखियो। ऊ केही बोलेन। केही भनेन्। आँखाबाट आँशुको धारा खसिरहेका थिए। ऊ एक्लै त थिएन। यो दुःखको पलमा उसलाई साथ दिन उसको आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनी, आफन्त, परिवार, समाज सबै थिए। जसलाई कुनै बेला त्यही श्रीमती र सन्तानको खुशीको लागि त्यागेको थियो।

आखिर मा हुनु के थियो जसको लागि उसले संसार त्याग्यो, उनीहरुले उसलाई छोडेर गए। उसले त्यागेको परिवार र आमा बुवाले उसलाई हात समातेर डोऱ्याउँदै लगे। अनि कानूनको कुरा चाहिँ के हो? के हुनु र? नेपालको कानून, दैब जानून्। धेरै खाएपछि मह पनि तितो हुन्छ भन्छन् नि! महिलालाई पनि यति धेरै अधिकार दिएपछि समाज र संस्कारको यसरी नै हुन्छ दाहसंस्कार। अनि हर कोहीले बन्नुपर्नेछ त्याग र समर्पणको उदाहरणीय पिता! यही हो मैले देखेको महान पिता!

# बस्नेतलाई नृत्य र पोखरेलललाई गायनको उपाधि





□ तुलसीप्रसाद निरौला

**बिर्तामोड, फागुन २८।** प्रदेश नं. १ स्तरीय एकल शिव ताण्डव नृत्य प्रतियोगिताको उपाधि मनिसा बस्नेतले र एकल शिव भजन गायन प्रतियोगिताको उपाधि प्रशान्त पोखरेलले हात पारेका छन् ।

पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा-७ स्थित अर्जुनधारा जलेश्वर धाममा महाशिवरात्री पर्वको अवसरमा एक साँझ शिवका माझ कार्यक्रम अन्तर्गत भएको उक्त प्रतियोगिताको फाइनल प्रतिष्पर्धामा बस्नेत र पोखरेलले उपाधि हात पारेका हुन् ।

एकल शिव ताण्डव नृत्य प्रतियोगितामा दोस्रो प्रितम सम्वाहाम्फे, तेश्रो दिपेश राई र सान्तवना आकृति तामाङ र दृष्टि मित्तल भए । प्रतियोगिताकी प्रथम बस्नेतले ५१ हजार रुपैयाँ र प्रमाण पत्र, दोस्रो सम्वाहाम्फेले ३१ हजार रुपैयाँ र प्रमाण पत्र, तेश्रो राईले २१ हजार रुपैयाँ र प्रमाण पत्र र सान्तवना तामाङ र मित्तलले जनही पाँच हजार रुपैयाँ र प्रमाण पत्र प्राप्त गरे । एकल शिव ताण्डव नृत्य प्रतियोगितामा शास्त्रीय नृत्य प्रशिक्षक विणा जोशी र प्रेम विकले निर्णायकको भूमिका निर्वाह गरेका थिए भने प्रतियोगिताको संयोजकमा नृत्य निर्देशक सुनिल थापा रहेका थिए ।

त्यसैगरी एकल शिव भजन गायन प्रतियोगितामा दोस्रो कृपा पौडेल, तेश्रो सञ्जीवनी पौड्याल र सान्तवना सरगम तिवारी र भक्त विश्वकर्मा भए । प्रतियोगिताका प्रथम पोखरेलले ३१ हजार रुपैयाँ र प्रमाण पत्र प्राप्त गरे । उनलाई सनलाइट म्युजिक स्टुडियो एण्ड स्कूल बिर्तामोडले एक वर्षसम्म निःशुल्क गायन र एउटा गीत रेकर्डिङको सुविधा प्रदान गर्न सञ्चालक कृष्ण योञ्जनले घोषणा गरे ।

त्यस्तै प्रतियोगितामा दोस्रो पौडेलले २१ हजार रुपैयाँ र प्रमाण पत्र, तेश्रो पौड्याललले ११ हजार रुपैयाँ र प्रमाण पत्र र सान्त्वना तिवारी र विश्वकर्माले जनही दुई हजार रुपैयाँ र प्रमाण पत्र प्राप्त गरे । एकल शिव भजन गायन प्रतियोगितामा गायक तथा संगीतकार दुर्गा खरेल र शास्त्रीय गायीका तथा संगीतकार लावोनी चक्रवर्ती प्रसाईंले निर्णायकको भूमिका निर्वाह गरेका थिए भने प्रतियोगिताको संयोजकमा संगीतगुरु कृष्ण योञ्जन र दिपक रायमाझी रहेका थिए ।

एकल शिव भजन गायन प्रतियोगिता र एकल शिव ताण्डव नृत्य प्रतियोगिताको अडिसनबाट छनौट गरिएका १० जनालाई फाइनल प्रतिष्पर्धामा समावेश गरिएको थियो । अर्जुनधारा जलेश्वर धाम समितिका अध्यक्ष नवीन गट्टानीको अध्यक्षता तथा गायक तथा संगीतकार जीवन अधिकारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक तथा साहित्य चौतारी झापाका संस्थापक/संरक्षक देवीभक्त श्रेष्ठले स्वागत गरेका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति झापाका संयोजक सोमनाथ पोर्तेलले शुभकामना मन्तव्य राखेको कार्यक्रममा शास्त्रीय नृत्य प्रशिक्षक प्रेम विकले शिव ताण्डव नृत्य र शास्त्रीय गायीका तथा संगीतकार लावोनी चक्रवर्ती प्रसाईंले शिव भजन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा अर्जुनधारा जलेश्वर धाम समितिका अध्यक्ष नवीन गट्टानीले भगवान शिवलाई प्रसन्न गराउन शिवको प्रिय मानिएको ताण्डव नृत्यको महत्वबारे सबैलाई बुझाउने उद्धेश्यले प्रदेश नं. १ मै पहिलोपटक प्रदेश नं १ स्तरीय एकल शिव ताण्डव नृत्य तथा एकल शिव भजन गायन प्रतियोगिता गरिएको जानकारी दिए ।

कार्यक्रममा हजारौं भक्तजनहरुको सहभागिता रहेको लागि अर्जुनधारा जलेश्वर धाम समितिका सदस्य भानुप्रसाद शिवाकोटीले बताए । त्यस्तै शिवरात्रिको अवसरमा शिव महाआरती, यज्ञ, पूजा, पाठ, हवन, रुद्राभिषेक, प्रवचन, भजन कीर्तन जलेश्वर नाथको पूजा आराधना, जलाभिषेक, चार प्रहर पूजा, विशेष रुद्राभिषेक, श्रृङ्गार, आरतीलगायत गरिएको अर्जुनधारा जलेश्वरधामका मूल अर्चक अग्निप्रसाद सिग्देलले बताए ।

कार्यक्रमको सञ्चालन रेडियो विराटकी प्रवन्ध निर्देशक लीला अनमोल र सञ्चारकर्मी उर्मिला दाहालले गरेको धाम समितिका सदस्य सुधिर बस्नेतले जानकारी दिए ।

# नेकपा(माओवादी केन्द्र) झापा पुनः स्थापित




**बिर्तामोड, फागुन २८।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले झापामा जिल्ला पार्टी कार्यालय पुनःस्थापना गरेको छ । नेपाल कम्युनिट पार्टी (नेकपा) पार्टी विभाजन भएपछि माओवादी केन्द्रले पनि झापामा जिल्ला पार्टी कार्यालय सञ्चालनमा ल्याएको हो ।

बिर्तामोड-१ स्थित गौरीशंकर स्मृति प्रतिष्ठान रहेको भवनमै जिल्ला पार्टी कार्यालय सञ्चालन गरेको हो । पार्टी कार्यालय सञ्चालन साथै पार्टीको साइन बोर्ड राखेर पार्टी कार्यालय औपचारिक उद्घाटन गरिएको छ ।

कार्यक्रममा प्रदेश सभा सदस्य झलकसिंह दर्लामी, पूर्णसिंह राजवंशी लगायतले शुभकामना मन्तव्य राखेको अखिल नेपाल ट्रेड युनियन प्रदेश इञ्चार्ज भूपाल सापकोटाले जानकारी दिए । कार्यक्रममा माओवादी केन्द्र प्रदेश सदस्य रेवतराज पुरी (गगन), ज्योतिसिंह दर्लामी, विद्यार्थी नेता, युवा, मजदुर लगायतको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन पूर्व झापा संयोजक मणिकुमार साम्पाङ (विजय)ले गरेका थिए ।

# श्रद्धाको 'तिमी मेरै हौ'




झापाली गायिका श्रद्धा प्रसाईले आफ्नो पहिलो गीत 'तिमी मेरै हौ' सार्वजनिक गरेकी छिन् । श्रद्धाले गीत तयार पारी आफ्नै युट्युब च्यानल मार्फत सार्वजनिक गरेकी हुन् । लामो समयसम्म कभर गीतहरू गाउँदै आएकी प्रसाईले तिम्रो नै माया लाग्दछ साइला, माछी काडैंले जस्ता कभर म्युजिक भिडियो समेत गरेकी छिन् ।

उक्त गीतमा शब्द, संगीत सुलभ घिमिरेले दिएका छन् भने मुखिया प्रोड्क्सन हाउसबाट विवेक राजवंशीले छायांकन गरेका हुन् । भिडियोलाई सौरभ सुनुवारले सम्पादन गरेका हुन् भने निर्देशन रोचक भट्टराईले गरेका छन् । सुलभ घिमिरेले संगीत संयोजन गरेको उक्त भिडियोमा आर्यन्, शालु कोइराला, श्रद्धा प्रसाई, सञ्जय अग्रवाल र अर्चना अधिकारी लगायतको अभिनय रहेको छ ।

**प्रस्तुति : अनु पौडेल**

# एक सय जना दातालाई सम्मान

**भद्रपुर, फागुन २८।** भद्रपुरको चन्द्रगढी बजारस्थित काली मन्दिर अर्थ संकलन उपसमितिले आयव्यय सार्वजनिक गर्नुका साथै दाताहरूलाई सम्मान गरेको छ ।

कूल एक करोड ५० लाख रुपैयाँको लागत रहेको तीन तले मन्दिर निर्माणार्थ गत माघ २० गतेसम्ममा ६५ लाख १४ हजार तीन सय ४८ रुपैयाँ नगद संकलन भइसकेको समितिले जनाएको छ । दाताहरूबाट कूल ७३ लाख ५८ हजार आठ सय ७९ रुपैयाँ १० पैसा दान प्राप्त हुन आएको मध्ये अब प्राप्त हुन बाँकी रकम आठ लाख ४४ हजार पाँच सय ४१ रुपैयाँ रहेको र हाल छ लाख ९५ हजार आठ सय ६५ रुपैयाँ बैक मौज्दात रहेको काली मन्दिर व्यवस्थापन समितिकी सचिव यशोदा कोइरालाले जानकारी दिइन् ।

सोही कार्यक्रममा परमानन्द खरेल र गीता एवम् गङ्गा खरेलको स्मृतिमा छोरा मुरारी खरेलले तीन लाख ५१ हजार रुपैयाँ प्रदान गर्नुका साथै विभिन्न दाताहरूबाट ८ लाख रुपैयाँ नगद प्राप्त भएको उनले बताइन् । त्यस्तै एक सय जना दाताहरूलाई सम्मान समेत गरिएको कार्यक्रम काली मन्दिर अर्थ संकलन उपसमितिका अध्यक्ष मोहन कुमाईंको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा भएको थियो ।

कार्यक्रमको औचित्य माथि भीम पौडेलले प्रकाश पारेको कार्यक्रममा असारु राजवंशी र रघुनाथ रिमालले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा स्वागत मन्तव्य धनप्रसाद शिवाकोटीले राखेको थिए भने कार्यक्रमको सञ्चालन सचिव यशोदा कोइरालाले गरेकी थिइन् ।

चन्द्रगढी हाटबजार लाग्ने स्थलमा साविक काली मन्दिर पुनर्निर्माण गरी सोही स्थानमा निर्माणाधीन मन्दिरको हालसम्म ५० प्रतिशत काम सम्पन्न भइसकेको छ भने बाँकी ५० प्रतिशत काम २०७८ सालको दशैंअघि सम्पन्न गर्ने समितिको लक्ष्य रहेको बताइएको छ ।


**कर्मचारी आवश्यकता**

यस B & C भित्र रहेको क्यान्टिनको लागि केही कर्मचारी आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
कुकः १ जना (चाइनिज, इण्डियन बनाउन जान्ने पुरुष)
वेटर : ३ जना (पुरुष)
हेल्पर : २ जना (पुरुष)
सम्पर्क : ९८०३७७५८६४, ९८१६९९८६७७

**कर्मचारी आवश्यकता**

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
महिला : १० जना उमेर : २० देखि ३० वर्ष
पुरुष : २० जना उमेर : २५ देखि ५० वर्ष
कार्यक्षेत्र : झापा जिल्लाभर
पर्फेक्ट सेक्युरिटी सेन्टर
सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

**पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला**

हिन्दी चलचित्र : ROOHI
पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)




**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्युटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।
सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर, बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

**बिरामी वर्गलाई खुशीको खबर**

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।
मो. ९८४२६४३६१८/९८०४९९४८८०
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा

**श्री शान्तिनगर कृषि सहकारी संस्था लि.**
बुद्धशान्ति-६, झापा
**शिलबन्दी कोटेशन आह्वाको सूचना**

कृषि ज्ञानकेन्द्र झापाको आ.व. २०७७/२०७८ को प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना अन्तर्गत विनियोजन रकमबाट शान्तिनगर कृषि सहकारी संस्थालाई तरकारी ब्लक विकास कार्यक्रम अन्तर्गत १७ थान 9HP मिनि टिलर made in china ब्रान्डको नेपाल सरकारको सार्वजनिक खरिद बिक्री ऐन २०७४ को परीधिभित्र रही शिलबन्दी कोटेशनबाट खरिद प्रक्रिया भएको हुनाले यो सूचना प्रकाशित भएको दिनदेखि ७ दिनभित्रमा इच्छुक फर्मले शिलबन्दी कोटेशन हाल्नु हुन अनुरोध गरिन्छ ।

**आवश्यक शर्तनामा**

१) 9HP मिति टिलर Export quality को हुनुपर्नेछ ।
२) निवेदक फर्मले आ.व. २०७६/२०७७ को करचुक्ता भएको प्रमाणसहित निवेदन पेश गर्नुपर्नेछ ।
३) कोटेशन मूल्यको ५ प्रतिशत धरौटी रकम शान्तिनगर कृषि सहकारी संस्थाको खाता नं. २२१०००८०२९०१ (चल्ती)मा जम्मा गरी शिलबन्दी कोटेशन पेश गर्नुपर्नेछ ।
४) म्याद नाघी आएका फर्मलाई समितिले सूचिकृत गर्न नसक्ने व्यहोरा अनुरोध छ ।

**सुरक्षागार्ड चाहियो**

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।
लेखापाल : १ जना
योग्यता : +२ पास (अनुभवी)
सेक्टरवान सेक्यूरिटी सर्भिस
बिर्तामोड, झापा
फोनः (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदाका लागि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । तापनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । दिउँसोदेखि घरेलु काममा जुट्नुपर्ने आवश्यकता पर्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । इर्ष्यालु मन भएकाहरूले सताउनेछन् । आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला । लेनदेनमा होसियारी अपनाउनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनमा त्यति समय दिन नसकिए पनि अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ । मध्याह्नदेखि चुनौति चिर्दै काम बनाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । विशेष अवसरका साथ केही चुनौति पनि देखा पर्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन् । रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यवसायमा लगानी बढाउने समय छ। आकस्मिक खर्च बढ्नेछ, तर आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । मध्याह्नदेखि मेहनतले आत्मविश्वास बढाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पारिवारिक जमघटले मन आनन्दित हुनेछ ।